जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक ७७ • २०८१ साल साउन २० गते आइतबार (4 August, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।–

## 'उपचार अभावमा मृत्यु हुनु राज्यका लागि लज्जास्पद'

**टुडे समाचारदाता**

लहान । पूर्व उपप्रधान तथा गृहमन्त्री बिमलेन्द्र निधिले शास्त्रीय संगीतकार गुरुदेव कामतको उपचार नपाएर मृत्यु हुनु राज्यका लागि लज्जास्पद रहेको बताएका छन् ।

नेता निधि शनिबार सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-२ स्थित पोखरभिण्डामा रहेको घर पुगेर आर्थिक समस्याका कारण उपचारकै अभावमा साधक गुरुदेव कामतको मृत्यु हुनु राज्यका लागि लज्जास्पद रहेको बताएका छन् ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका प्रतिनिधिसभा सदस्य निधिले भने, 'मृत्युपछि मात्रै उहाँ बिरामी हुनुहुन्थ्यो भन्ने कुरा मलाई थाहा भयो, यो मृत्यु राज्यका लागि लज्जास्पद हो ।' उनले अघि थप्दैं भने, 'यसको दोष म अरूलाई दिन्न, हामी नै अहिले सत्तामा छौं, म क्षमायाचना गर्न चाहन्छु ।'

नेता निधिले नेपाल तथा भारतमा आफ्नै अलग्गै पहिचान बनाएर स्थापित भएका साधक कामतको निधनले देश विदेशका लागि पनि अपूरणीय क्षति भएको बताए ।

नेता निधिले मृत्युको शोकमा मधेश प्रदेश सरकारले आइतबार राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको र केन्द्र सरकारले पनि सो गर्नुपर्ने उनले माग गरे ।

नेता निधिले भने, 'प्रदेश सरकारले शोकमा झण्डा आधा झुकाउने निर्णय गरेको छ, केन्द्र सरकारले पनि यस्तो निर्णय गर्नुपर्‍यो शोक प्रकट गर्नुपर्‍यो, उहाँ राष्ट्रकै धरोहर र सम्पत्ति हुनुहुन्थ्यो ।' नेता निधिले साधक कामतले कला तथा सांगीतिक क्षेत्रमा आरम्भदेखि अहिलेसम्म गरेका विभिन्न चरणका संघर्षदेखि सांगीतिक क्षेत्रमा गरेका उल्लेखनीय योगदानलाई जोगाएर राख्नका लागि सोको संरक्षण तथा संवर्द्धन गर्न आवश्यक रहेको बताए ।



मिर्गौला पीडित शास्त्रीय संगीतकार साधक कामतको बिहीबार बिहान साढे ७ बजे आफ्नै जन्मथलो पोखरभिण्डामा ६९ वर्षको उमेरमा निधन भएको थियो ।

उनी काठमाण्डुमा आर्थिक संकटका कारण उपचार गराउन नसकेपछि एक महिनाअघि मात्र जन्मथलो फर्किएका थिए । लहानस्थित प्रादेशिक अस्पतालमा उनको डायलासिस हुँदै आएको थियो ।

## अध्यक्षको राजीनामा मागसहित पुतला दहन

**टुडे समाचारदाता**

जनकपुरधाम । संगीत साधक स्व. गुरूदेव कामतलाई मधेश विभूति घोषणाको माग गर्दै राष्ट्रिय एकता अभियानले दबाबमूलक कार्यक्रम गरेको छ ।

जनकपुरधाममा शनिबार दबाबमूलक कार्यक्रम गर्दै संगीत साधक गुरूदेव कामतलाई प्रदेश विभूति घोषणा गर्न माग गर्दै अभियानीहरुले नारावाजीसमेत गरेका छन् ।





स्व. गुरुदेव कामतको अपमान कार्य बन्द गर्न माग गर्दै मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडिको राजीनामाको मागसमेत गरेका छन् । अभियानका अध्यक्ष विनय यादवले प्रतिष्ठानका अध्यक्ष कापडिको राजीनामा माग गर्दै पुतलादहन पनि गरेको जनाए ।

# भारतीय र नेपाली मुद्राबीच सन्तुलन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको भारतसितको सीमावर्ती क्षेत्रमा केही महिना पूर्वसम्म अवमूल्यन भएको भारतीय रुपैयाँ अहिले सन्तुलित भएको छ ।

नेपाल र भारतीय सीमावर्ती बजारमा नेपाली र भारतीय मुद्रा चलनचल्तीमा रहेको छ । भारतीय सीमावर्ती बजारमा नेपाली मुद्रामा कारोबार वैध छैन । त्यसैगरि नेपाली बजारमा पनि भारतीय १ सय रुपैयाँ दरको नोट बाहेक अवैध छ । दुवै देशमा अवैध रहेको मुद्राबाट निर्वाध रुपमा कारोबार भइरहेको छ ।

नेपाल र भारतबीच तस्करी बढ्दा दुवै मुलुकको सीमावर्ती बजारमा मुद्राको सन्तुलन बिग्रने गरेको छ । केही महिना पूर्वसम्म नेपालबाट सुनलगायत तस्करी भएर भारत जाने मालवस्तु बढेको थियो । त्यसले सीमावर्ती क्षेत्रमा भारतीय मुद्रा निकै कमजोर भएको थियो । तर अहिले नेपाल र भारतबीच सरकारीस्तरमा कायम रहेको विनिमय दरमा नै कारोबार भइरहेको छ ।

भारतीय बजारमा एक सय रुपैयाँको नेपाली एक सय साठी रुपैयाँमा कारोबार हुने गरेको छ । नेपालमा पनि सोही दरमा भारतीय मुद्रा खरिद गर्न पाइन्छ ।





नेपाली मुद्रा भारतको सीमावर्ती बजारमा निर्वाध चले पनि भित्री बजारहरुमा खुल्ला रुपमा चलनचल्तीमा रहेको छैन । सीमाक्षेत्रमा मुद्रा सन्तुलित भएपछि कारोबारमा समेत सकारात्मक प्रभाव परेको व्यवसायीहरु बताउँछन् ।

भारतीय सीमावर्ती बजार भिठ्ठामोडका व्यवसायी सुरज कुमारले मुद्रामा सन्तुलन भएकाले मालसमानको मूल्यमा समेत सन्तुलन कायम भएको बताए । 'भारतीय मुद्रा कमजोर भएको बेला सीमावर्ती बजारमा नेपाली मुद्राको माग बढेको थियो' उनले भने, अहिले त्यस्तो समस्या छैन , नेपाली र भारतीय मुद्रामा समान कारोबार भइरहेको छ ।

सीमा क्षेत्रमा अवैध रुपमा नेपाली र भारुको सटही गर्ने व्यवसायीहरुले पनि कानुनी विनिमय दरकै आधारमा सटही गरिरहेका छन् । नेपालसित सीमा जोडिएका हरेक बजारको नाकामा नेपाली र भारतीय मुद्राको सटही गर्ने व्यवसायीहरु सक्रिय रहने गरेका छन् । कारोबार अवैध भए पनि उनीहरुलाई सीमावर्ती सुरक्षा निकायको पूर्ण संरक्षण रहेकाले खुल्ला रुपमा सटही गरिन्छ ।

निर्धारित मूल्यमै सटही भए पनि भारतीय मुद्रा आन्तरिक रुपमा केही कमजोर रहेको व्यवसायीहरु बताउँछन् । सटही गर्ने दलालहरुले प्रत्यक्ष रुपमा कमिसन नलिए पनि भारतीय रुपैयाँ उनीहरुले केही सस्तोमा खरिद गर्ने गरेको व्यवसायीहरुले बताउँछन् ।

सामान्य उपभोक्तालाई भारतीय बजारमा मालसमान खरिद गर्न नेपालको भन्दा बढी सस्तो परिरहेको छ । तर भारतीय रुपैयाँ मजबुत हुँदा नेपाली उपभोक्ताहरुलाई चर्को मूल्यमा सामान किन्नु पर्ने हुन्छ ।

सीमावर्ती भारतीय बजारबाट दैनिक उपभोग्यका वस्तु नेपाल ल्याउन सीमा क्षेत्रमा केहि खुकुलो गरिएको छ । त्यसबाट उपभोक्ताहरुलाई केही राहत भएको छ । मुद्रामा सन्तुलन र सीमाक्षेत्रमा सहजताले सामान्य उपभोक्ताहरु लाभान्वित भइरहेका छन् ।







# लागूऔषधसहित महिला पक्राउ

टुडे समाचारदाता
वीरगञ्ज । ५० किलोग्राम लागूऔषध गाँजासहित एक जना महिलालाई पर्सा प्रहरीले पक्राउ गरेको छ।
पक्राउ पर्नेमा ठोरी गाउँपालिका-२ स्थित सुन्दरबस्ती टोलकी ३० वर्षीया



अनिता गुरौं रहेकी छन्।
पर्सा प्रहरीका प्रहरी नायब उपरीक्षक दीपक भारतीले लागूऔषधसहित पक्राउ परेकी गुरौंले आफ्नो घरको पलङभित्र लागूऔषध गाँजा लुकाएको भन्ने विशेष सूचनाका आधारमा खानतलासी गर्ने क्रममा ५० किलोग्राम गाँजासहित पक्राउ गरेको जानकारी दिए। जिल्ला प्रहरी कार्यालय पर्सा र इलाका प्रहरी कार्यालय ठोरीबाट खटिएको प्रहरी टोलीले उनलाई घरबाटै नियन्त्रणमा लिएको छ।

उनले भने, "पक्राउ परेकी गुरौंलाई जिल्ला अदालत पर्साबाट पाँच दिनको म्याद थप अनुमति लिएर अनुसन्धान कार्य अघि बढाइहेका छौं।"

त्यसै पर्सा प्रहरीले ३७ लाख ६२ हजार ९ सय १६ रुपैयाँ पर्ने बिलविजक अनुसार नभएको औषधि तथा अन्य खुद्रा सामाग्रीसहित पक्राउ गरेको छ।

वीरगञ्ज महानगरपालिका-१४ स्थित गण्डक सडकखण्डमा ना ७ ख १६३१ नम्बरको ट्रकमा बिलविजक अनुसार नभएको सामान पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको प्रहरीले जनाएको छ।

# अनलाइनमार्फत जीवनसाथी खोज्न 'लमी'

काठमाण्डु । पछिल्लो समय 'स्टार्टअप' व्यवसायमा युवा पुस्ताको आकर्षण बढ्दो छ । सिर्जनशील सोच भएका यहाँका केही युवाहरुले अनलाइनमार्फत जीवनसाथी खोज्न सघाउने ध्येयले 'लमी म्याट्रिमोनी सर्भिसेस' कम्पनी खोलेका छन् । कम्पनीका सामाजिक सञ्जाल व्यवस्थापक निशान सापकोटाले फेसबुक, इन्स्टाग्रामबाट उक्त सेवा सुरु गरिएको जानकारी दिनुभयो।

"छिट्टै कम्पनीको एप र वेभसाइट सञ्चालनमा ल्याउँदैछौं", उहाँले भन्नुभयो, "अनलाइनमार्फत प्रेम जोडी र जीवनसाथी खोज्न सघाउने उद्देश्यले यो व्यवसाय सुरु गरेका हौं ।" उहाँका अनुसार फेसबुकमा रहेको 'लमी-म्यारी फर रिजन' र इन्स्टाग्राममा 'लमी-नेपाल' पेजमार्फत उक्त व्यवसाय प्रवर्द्धनको काम भइरहेको छ।





"इच्छुक युवा वा युवतीले हाम्रो पेजमा सन्देश पठाउँदासाथ उहाँकोमा फारामसहितको गुगल लिङ्क पुछ", सापकोटाले भन्नुभयो, "फाराममा व्यक्तिगत विवरण भरेर पठाएपछि दुई पक्षबीचमा समन्वयको काम हामीले गर्छौं ।" उहाँले पूर्ण रुपमा व्यक्तिगत गोपनियता कायम गरिने बताउनुभयो।

सम्बन्धित व्यक्तिले इच्छाएको खण्डमा मात्र व्यक्तिगत विवरण अनलाइन माध्यममा सार्वजनिक गर्ने गरिएको उहाँले बताउनुभयो । तत्काल केही समयलाई निःशुल्क सेवा दिइरहेको कम्पनीले पछि उक्त सेवाबापत न्यूनतम शुल्क कायम गरिने जनाएको छ।

हालसम्म ५० जना भन्दाबढी सम्पर्कमा आई व्यक्तिगत विवरण पठाएको सापकोटाले जानकारी दिनुभयो । व्यक्तिगत विवरण सार्वजनिक गर्न नचाहने व्यक्तिलाई गोप्य माध्यमबाट सम्पर्क र समन्वय गराइदिने काम कम्पनीका प्रतिनिधिले गर्ने गरेका छन् । व्यक्तिगत इमेल ठेगाना र टेलिफोन अनिवार्य चाहिने भएकाले अनावश्यक व्यक्तिले विवरण पठाउने सम्भावना नरहने सापकोटाले बताउनुभयो।

योसँगै काठमाडौंमा विवाहका लागि फोटो, भिडियो र इभेन्ट म्यानेजमेन्ट सेवा सुरु गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो। कम्पनीमा बागलुङका सापकोटासहित छ जना युवा आबद्ध छन् । जीवनसाथी खोज्न सघाउने 'बिहे नेपाल'लगायतका एप सञ्चालनमा छन्।

# देशभर २५ जनामा हैजा पुष्टि




काठमाण्डु । मुलुकभर हैजा सङ्क्रमितको संख्या २५ पुगेको छ। स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)ले सार्वजनिक गरेको पछिल्लो बुलेटिनअनुसार मुलुकभर सङ्क्रमितको संख्या २५ पुगेको हो।

पछिल्लो २४ घण्टामा दुई जनामा सङ्क्रमण पुष्टि भएको छ। अहिलेसम्म ललितपुरको गोदावरी नगरपालिकामा १६, काठमाडौंको टोखा नगरपालिकामा आठ र कैलालीको धनगढी उपमहानगरपालिकामा एकजनामा हैजा सङ्क्रमण देखिएको इडिसिडीले जनाएको छ।

हैजा 'भिब्रियो कोलेरी' प्रजातिको जीवाणुबाट मानिसमा लाग्ने अति सङ्क्रामक भाडापखालासम्बन्धी रोग हो। हैजालगायत पानीजन्य रोगहरुबाट बच्न सरसफाइमा ध्यान दिन र पानी उमालेरमात्र पिउन स्वास्थ्य क्षेत्रका विज्ञले सुझाव दिएका छन्।रासस

# नेपाल भारत सिमामा संदिग्ध ड्रोन,दुबैतिरको सुरक्षामा हडकम्प

अनिल तिवारी
वीरगञ्ज । राति-राति नेपाल भारतको सीमामा ड्रोन देखिए पछि दुवैतर्फका सुरक्षामा हड्कम्प मचिएको छ।



केही समय अघि रातको समयमा एक्कासी नेपाल-भारतको सीमामा ड्रोन उडेको खबरले दुवैतर्फको सुरक्षानिकायमा हड्कम्प मच्चिएको छ।

वीरगञ्ज स्थित आइसीपी क्षेत्रमा मध्यराति पाँच वटा ड्रोन उडेको खबरले दुवैतर्फको सुरक्षा निकायमा खैलाबैला मच्चेको जनाइएको छ।

बितेको बुधबार राती पुनः ड्रोन उडेपछि आइसीपी क्षेत्रमा जनपथ र शसस्त्र प्रहरी खोजतलास गरेको स्थानीयको भनाइ छ।

पर्साको सिरिसिया एक स्थानीयवासीले जनाए अनुसार आइसीपी सीमाक्षेत्रमा अबेर राति उडेको ड्रोन प्रहरी परिचान भएपछि परवानीपुर पुगे पछि गायब भएको थियो।

आइसीपी र सीमा क्षेत्रमा राति एक्कासी ड्रोन उडेको सूचना आएपछि सुरक्षा सजगता बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्तासमेत प्रहरी नायब उपरीक्षक दीपक भारतीले बताए । उनले आकाशमा ड्रोन उडेको जानकारी प्राप्त भएपछि दुवैतर्फका प्रहरी परिचालन गरिएको बताए । उनले भने, 'बुधबार राती पनि आइसिपि र त्यसक्षेत्र माथी राती ड्रोन उडेको सुचना आएपछि प्रहरी परिचान गरिएको थियो ,तर अहिलेसम्म ठोस प्रमाण भेटिएको छैन हामि खोजीकार्य जारी राखेका छौ।'

केही समय यता नेपाल-भारत सीमानाकाबाट चिनियाँ तथा पाकिस्तानी नागरिकहरुको बढ्दो अवैद्य प्रवेश पछि सीमा तथा आइसीपी जस्तो सुरक्षा संवेदनशील क्षेत्रमा देखिएको संदिग्ध ड्रोन उडानले थप सुरक्षा चुनौती बढाएको छ।

# विश्व स्तनपान सप्ताह : स्तनपान गराउँदा मोबाइल फोन प्रयोग नगर्न आग्रह

चितवन। बालरोग विशेषज्ञले शिशुलाई स्तनपान गराउँदा ' मोबाइल फोन' प्रयोग नगर्न आमालाई आग्रह गर्नुभएको छ । विश्व स्तनपान सप्ताहको अवसरमा यहाँ आयोजित छलफल कार्यक्रममा चिकित्सकहरुले मोबाइल चलाउँदा आमा र शिशु दुवैलाई फाइदा नगर्ने बताउनुभएको हो।

विश्व स्तनपान सप्ताहका अवसरमा कान्तिपुर हेल्थ अनलाइनद्वारा शनिबार भरतपुरमा आयोजित 'स्तनपानको महत्व : चिकित्सक-पत्रकार छलफल कार्यक्रम' मा भरतपुर अस्पतालका बालरोग विशेषज्ञ डा श्वेताकुमारी गुप्ताले स्तनपान गराउँदा आमाले मोबाइल प्रयोग गर्न नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "आमाले मोबाइल चलाएर स्तनपान गराउँदा बच्चाले दूध खायो खाएन, अघायो, अघाएनलगायत केही कुरा पनि जानकारी हुँदैन।" उहाँले बच्चाको माया ममता पनि कम हुने जाने बताउनुभयो । उहाँले भन्नुभयो, "स्तनपान गराउने समयमा शिशुलाई सुमसुमाउनु पर्छ, अन्यत्र ध्यान दिनुहुँदैन।"स्तनपान गराउँदा आमा र शिशु दुवैको आसनमा विशेष ध्यान दिन जरुरी रहेको बालरोग विशेषज्ञ डा गुप्ताले बताउनुभयो । शिशुलाई जन्मिएदेखि छ महिनासम्म आमाको दूधबाहेक पानीको आवश्यकता नपर्ने उहाँको भनाइ छ।




बालरोग विशेषज्ञ डा गुप्ताले भन्नुभयो, "नियमित स्तनपान गर्ने शिशुमा निमोनिया, भाडापखाला, दम जस्ता रोगहरु लाग्ने सम्भावना कम हुन्छ।" बच्चाको शरीरिक विकासका लागि सकेसम्म आमाको दूध खुवाउनुपर्ने बताउँदै उहाँले काममा जानुपरेमा आमाको दूध सङ्कलन गरेर राखेर भए पनि खुवाउन सकिने बताउनुभयो । उहाँले भन्नुभयो, "आमाको दूध सङ्कलन गरेर कोठाको तापक्रममा राखेमा ४ देखि ६ घण्टा र फ्रिजमा राखे २४ घण्टासम्म खुवाउन सकिन्छ ।" फ्रिजमा राखेको दूध सिधैं नतताउन सुझाव दिँदै उहाँले भन्नुभयो, "तातो पानीमा अर्को भाडा राखेर दूधलाई तातो बनाउनुपर्छ, सिधैं तताउनुहुँदैन।"

शिशु जन्मिएको छ महिनापछि मात्रै पुरक खाना खुवाउन उपयुक्त हुने उहाँले बताउनुभयो । अस्पतालमा शल्यक्रिया गरेर जन्मिएका नवजात शिशुहलाई दूध खुवाउन दिने गरी सरकारले नियम बनाउन सके यस्ता बच्चालाई आमाको दूध खुवाउन सकिने उहाँले बताउनुभयो । अहिले शल्यक्रियाबाट जन्मिएका बच्चालाई सुरुआतमा बजारको पाउडर दूध खुवाउनुपर्ने अवस्था रहेको जनाउँदै उहाँले यसको अन्त्य गर्न सके बच्चा र आमा दुवैको स्वास्थ्य राम्रो हुने बताउनुभयो।

कार्यक्रममा भरतपुर अस्पतालकाका स्त्री तथा प्रसूति रोग विभागका प्रमुख विशेषज्ञ प्रा डा सुनिलमणि पोखरेलले शिशुलाई नियमित आमाको दूध खुवाउँदा बच्चा र आमा दुवैलाई फाइदा हुने बताउनुभयो। नवजात शिशुलाई जन्मिएको छ महिनासम्म आमाको दूध मात्रै खुवाउन सके उसको स्वास्थ्य र शारीरिक विकास राम्रो हुने उहँले बताउनुभयो। शिशुलाई दिनमा ८ देखि १२ पटक दूध खुवाउन सके बच्चाका लागि फलदायी हुने उहाँको भनाइ छ।

स्तनपानले गर्दा आमालाई हुने फाइदाका विषयमा बोल्दै उहाँले स्तनपान नियमित गराउने आमालाई स्तन र डिम्बासयको क्यान्सर हुने सम्भावना न्यून हुने बताउनुभयो। प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा पोखरेलका अनुसार नियमित स्तनपान गराउँदा महिलामा हुने रक्तस्रावमा कमी आउने गर्दछ।

बच्चा जन्मिएको एक घण्टा भित्रमै आमाको दूध खुवाउन सके सालनाल छुटिनदेखि स्तन गानिने र पिप जम्ने जस्ता समस्याबाट छुटकारा पाउन सकिने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "कम्तीमा पनि दुई वर्ष बच्चालाई आमाको दूध खुवाउनुपर्छ । जसले गर्दा आमा र बच्चा बीचको ममतादेखि हरेक कुरामा सहयोग पुग्छ।"पछिल्लोसमयशारीरिक सुन्दरताका लागि शिशुलाई आमाको दूध नखुवाउने गरेको पाईएको भन्दै उहाँले यस्तो गर्दा बच्चाको शारीरिक, मानसिक वृद्धि विकासमा समस्या पर्नुका साथै आमामा विभिन्न किसिमका समस्या देखिन सक्ने जानकारी दिनुभयो ।पछिल्लो समय स्तन ठूलो भयो भन्दै त्यसलाई घटाउने औषधि खोजी गर्नेहरु पनि आफू के मा आउने गरेको भन्दै डा पोखरेलले भन्नुभयो, "स्तनपान गराइसकेपछि विभिन्न व्यायाम गरेर मोटोपन र स्तन घटाउन सकिन्छ।"

कार्यक्रममा डा पोखरेलले पछिल्ला वर्षहरुमा भरतपुर अस्पतालमा प्रसूति गराउन आउनेको सं्या घटेको जानकारी दिनुभयो। उहाँका अनुसार गत आर्थिक वर्षमा नौ हजारभन्दा धैरेले अस्पतालबाट सेवा लिएका छन् । यो तथ्याङ्क अघिल्लो आर्थिक वर्षमा १२ हजारभन्दा बढी रहेको थियो । उहाँका अनुसार स्थानीय तहहरुले गाउँगाउँमा नगर स्वास्थ्य क्लीनिक तथा स्वास्थ्य सेवाको पहुँच पुऱ्याएर सोही स्थानमा प्रसूति सेवा सञ्चालन गर्नु र सन्तान उत्पादन गर्ने युवा अवस्थाका जनशक्तिहरु विदेशपलायन हुनुले सेवा लिन आउनेको संख्यामा कमी आएको हो।

कार्यक्रममा कान्तिपुर हेल्थका प्रधान सम्पादक तिलक रिमालले स्तनपानको महत्वलाई व्यापक प्रचारप्रसार गर्नुपर्ने जनाउँदै कार्यस्थलमा स्तनपानका लागि सहज वातावरण सिर्जना गर्नुपर्ने बताउनुभयो।रासस

# तटबन्धन नहुँदा ६० हजार नागरिक डुबानको उच्च जोखिममा

रौंमा । जिल्लामा राप्ती नदीले भत्काएको तटबन्ध पुनःनिर्माण हुन नसक्दा दुई गाउँपालिकाका ६० हजारभन्दा बढी नागरिक डुबानको उच्च जोखिममा रहेका छन्।

राप्तीसोनारी गाउँपालिका-७ खल्ला भगाडियामा नदीको कटान तथा डुबान रोकन निर्माण गरिएको अस्थायी तटबन्धन दुई वर्षअघि बाढीले भत्काएको थियो । उक्त तटबन्धन पुनःनिर्माण हुन नसक्दा राप्तीसोनारी-६ र ७ तथा नरैनापुर गाउँपालिका-६ मा गरी करिब ६० हजारभन्दा बढी नागरिक डुबानको उच्च जोखिममा रहेका नरैनापुरस्थित रेडक्रस गन्नापुर उपशाखाका कोषाध्यक्ष सोहनलाल यादवले जानकारी दिनुभयो। उहाँका अनुसार पछिल्लो समय राप्तीमा जल सहत बढ्दै गएर नदी गाउँतिर सोफिँदै आएको छ। लगातार वर्षा हुनासाथ राप्तीको बाढी गाउँ पस्ने जोखिम बढ्दै गएको उहाँले बताउनुभयो । डुबान समस्याबारे स्थलगत अवलोकनमा पुगुभएका प्रतिनिधिसभाका सांसद सूर्य ढकालले नदी प्रभावित राप्तीसोनारी र नरैनापुरवासीका गुनासो सुनेपछि दीर्घकालीन रुपमा समस्या समाधान गर्न सङ्घीय सरकारसँग छलफल गर्ने प्रतिबद्धता जनाउनुभयो ।खल्ला भगाडियामा राप्ती नदीले तीव्र रुपमा कटान गरिरहेकाले ठूलो विपत्ति निम्त्याउन सक्ने अवस्थालाई मध्यनजर गरी तत्काल सरोकार भएका निकायको ध्यानाकर्षण गराउने उहाँले जानकारी दिनुभयो।

"अहिले भएको वर्षाका कारण नदीले खेतीयोग्य जमिन कटान गर्दै बस्तीमा प्रवेश गर्ने अवस्था आइरहेको छ", सांसद ढकालले भन्नुभयो, "नदीले तीव्र रुपमा कटान गर्दै धार परिवर्तन गर्नसक्ने जोखिम भएकाले बस्ती जोगाउन निरन्तर राज्यसँग पहल गरिरहेको छु।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथुन | : पारिवाहिक सुख। |
| कर्कट | : धन वृद्धि सञ्चय। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लव) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३४३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४:०० बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाही सदरमुकाम मलङ्गवा-९ स्थित जनसागर बजारमा माटोबाट निर्मित सामग्री बिक्रीका लागि ग्राहकको प्रतिक्षामा बसेकी व्यापारी। *तस्बिर :रासस*

# 'सबै जातजातिको एकताबाट समृद्धि हासिल गर्न सकिन्छ'

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मुलुकमा बसोबास गर्ने विविध जातजातिबीचको एकताबाट समृद्धि कायम गर्न सकिने बताउनुभएको छ।

विराट मैथली साहित्य परिषद् लगायत ११ संस्थाद्वारा शनिबार साँझ विराटनगरमा आयोजित कार्यक्रममा साहित्यकार प्राडा राजेन्द्र विमल तथा कथाकार रामनारायण सुधाकरलाई दोसल्ला एवं प्रमाणपत्रद्वारा सम्मान गर्नुहुँदै उहाँले विभित्र जातजातिका भाषा, संस्कृति एवं सम्पदाको संरक्षण एवं विकास गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

मुख्यमन्त्री कार्कीले प्रदेशमा भाषा



आयोगले दिएको सिफारिसअनुसार दोस्रो भाषाका रूपमा मैथली र लिम्बू भाषालाई लागू गर्न आवश्यक कानुन बनाएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रचुर सम्भावना बोकेको विराटनगर विभित्र कारणले विकासमा पछाडि परेको चर्चा गर्नुहुँदै उहाँले महानगर र यहाँ बसोबास गर्ने विभित्र भाषाभाषीको समग्र विकासका लागि इमान्दार प्रयत्न गर्नपर्नेमा जोड दिनुभयो। मुख्यमन्त्री कार्कीले भन्नुभयो, "प्रदेशले विगतमा ल्याएको प्रज्ञा प्रतिष्ठान ऐनमा रहेको त्रुटिलाई संशोधन गरी संसद्मा पेस गर्ने र यसैको माध्यमबाट सबै भाषा, संस्कृतिको संरक्षण हुनेछ र प्रतिष्ठानका लागि नीति, कानुन र बजेटको व्यवस्था हुनेछ।"

प्राडा विमलले सामाजिक सद्भाव कायम गरी राष्ट्रिय एकतामा जोड दिनुपर्ने सुझाव दिनुभयो। कार्यक्रमका संयोजक रामरिझन यादवले भाषा आयोगले दिएको सुझाव प्रदेशमा कार्यान्वयन गर्न आग्रह गर्नुभयो।रासस

# नेपालमा भारतीय टेलिभिजन च्यानलको प्रसारण बन्द

काठमाण्डु । सरकारले नेपालमा सञ्चालित भारतीय टेलिभिजन च्यानलहरूको प्रसारण बन्द गरेको छ। करिब दुई वर्षदेखि विदेशी मुद्राको सिफारिस नदिएको भन्दै भारतीय टेलिभिजन नेटवर्कहरूले आफ्ना च्यानलको प्रसारण बिहीबारदेखि रोकेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता गजेन्द्रकुमार ठाकुरले राससलाई भन्नुभयो, "मुख्यतः भारतका कलर्स, स्टार, जी र सोनी नेटवर्कअन्तर्गतका च्यानलको प्रसारण रोकिएको हो। १५ चैत २०७९ देखि नै उनीहरूको विदेशी मुद्रा सिफारिस हुनसकेको छैन।" च्यानलको प्रसारण रोकेरै सरकारलाई गलाउन खोजिरहेका भन्दै ऐन, कानुनअनुसार आए विदेशी




मुद्रा सिफारिस दिन कुनै समस्या नरहेको उहाँले बताउनुभयो। १ साउन २०८० देखि यो प्रणाली लागू भएपछि भने त्यस्ता च्यानलहरूको प्रसारण नै रोकिएको थियो तर सरकारपछि हट्ने सङ्केत नपाएपछि भारतीय च्यानलहरू आलाकार्टा मूल्य प्रणालीमा जान तयार भएका थिए।

सुरुआती समयदेखि नै भारतीय टेलिभिजन च्यानलहरूले आलाकार्टा प्रणाली पालना गर्न आनाकानी गर्दै आइरहेका छन्। उनीहरूले प्रत्येक च्यानलको छुट्टाछुट्टै मूल्य तोक्ने कुरा मान्य नहुने भन्दै विरोधमा छन्। मन्त्रालयकानुसार हाल सबै विदेशी च्यानल प्रदायकको करिब रु एक अर्ब विदेशी मुद्रा सिफारिस हुनसकेको छैन।रासस

## दलित समुदायको प्रतिनिधित्वः

# सिद्धान्त एकातिर, व्यवहार अर्कोतिर

काठमाण्डु । नेपालको संविधानमा महिला, आदिवासी जनजाति, मधेसी, दलित र उत्पीडनमा परेका समुदायसहित राज्य संरचनामा समानुपातिक समावेशी सहभागिता हुने भनिएको छ। "...वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने", संविधानको प्रस्तावनामै भनिएको छ।

तर संविधानको सङ्कल्पअनुसार सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनसकेकामा सरोकार भएकाहरू असन्तुष्ट छन्। कार्यपालिका (सरकार), व्यवस्थापिका (संसद्) र न्यायपालिका (अदालत)मा विगतदेखि नै पहुँच र प्रतिनिधित्व कमजोर भएका वर्ग र समुदायको अहिले पनि सन्तोषजन सहभागिता सुनिश्चित हुन नसकेको उनीहरूको भनाइ छ। धेरैले पछिल्लो समय सरकारमा दलितलगायत समुदायको सहभागिताले पनि समानुपातिक समावेशी प्रतिनिधित्व कार्यान्यनको अवस्था प्रष्ट हुने भन्ने गरेका छन्।

हालको मन्त्रिपरिषद्मा दलित समुदायबाट एकजनामात्रै राज्यमन्त्री हुनुहुन्छ। यसअघिको सरकारमा पनि दलित समुदायबाट एकजनामात्रै राज्यमन्त्री हुनुहुन्थ्यो। अहिले प्रतिनिधिसभामा दलित समुदायबाट समानुपातिक १५ र प्रत्यक्षबाट एक गरी १६ जना सांसदको प्रतिनिधित्व छ। पाँच दशमलव ८१ प्रतिशत मात्रै हो। संविधान जारी भएपछिको पहिलो प्रतिनिधिसभाको निर्वाचन, २०७४ मा १९ जना (छ प्रतिशत) को प्रतिनिधित्व थियो।

संविधानसभा २०६४ मा छ सय एकजनामा ५१ जना (आठ दशमलव ४८ प्रतिशत) दलित समुदायबाट प्रतिनिधित्व रहेकामा संविधानसभा २०७० मा त्यो संख्या घटेर ४१ जना (छ दशमलव ८२ प्रतिशत) मा झरेको थियो। यस समुदायबाट पहिलोपटक २०३१ सालमा हिरालाल विश्वकर्मा सहायक शिक्षामन्त्री बन्नुभएको थियो। विसं २०३१ देखि २०४१ सम्म उहाँ



चारपटकसम्म शिक्षा राज्यमन्त्री र आपूर्ति सहायकमन्त्री बन्नुभएको थियो। विसं २०३१ देखि २०६३ सम्म देशमा धेरैजना मन्त्री बन्दा हिरालाल विश्वकर्मा, प्रकाश चित्रकार, लालबहादुर विश्वकर्मा, हरिशङ्कर परियार, गोल्छे सार्की, प्रतापराम लोहार र मानबहादुर विश्वकर्मा गरी सात जनामात्रै सहायक र राज्यमन्त्री बने। विसं २०६२/६३ को जनआन्दोलनपछि २०६३ वैशाख १२ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित अन्तरिम सरकारमा पहिलोपटक खड्कबहादुर विश्वकर्मा महिला, बालबालिका तथा समाज कल्याणमन्त्री र छविलाल विश्वकर्मा कृषि तथा सहकारीमन्त्री बन्नुभएको थियो।

त्यसपछि छविलाल विश्वकर्मा, महेन्द्र पासवान, खड्कबहादुर विश्वकर्मा, विशेन्द्र पासवान, दलजित श्रीपाइली, मीनबहादुर विश्वकर्मा, जगतबहादुर सुनार विश्वकर्मा र महेश्वरजङ्ग गहतराज मन्त्री बन्नुभयो। त्यसैगरी २०६३ सालपछि नवीनकुमार विश्वकर्मा, जीतबहादुर दर्जी (गौतम), खड्कबहादुर बस्याल, कलावती पासवान, दलबहादुर सुनार, गोपी अछामी, रमनी राम, धनमाया विक, कर्णबहादुर विक, विमला विक र आशा विक राज्यमन्त्री बन्नुभएको थियो।

यो तथ्यले पनि राज्यसत्तामा दलित समुदायको उपस्थिति बढाउनुको सट्टा साँघुरो पार्दै लगिएको यस समुदायका सांसदहरूको भनाइ छ। नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियार जनसंख्याका आधारमा संसद् र सरकारमा दलित समुदायको अनिवार्य उपस्थितिका लागि संविधानमै व्यवस्था गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुहुन्छ।

संविधानको धारा ७६ (९) मा सङ्घीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित २५ सदस्यीय मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ तर यसको पालना भएको देखिँदैन।

यसका साथै धारा ४२ (१) मा सामाजिक रूपले पछाडि परेकालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था छ, यसको पनि व्यवहारिक कार्यान्वयन नभएको प्रतिनिधिसभा सांसद परियारले बताउनुभयो।

यता संसद्मा विचाराधीन अवस्थामा रहेको सङ्घीय निजामती विधेयक महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्तिलगायत सम्पूर्ण सीमान्तकृत समुदायको समान प्रतिनिधित्वसहित समावेशी सिद्धान्तबमोजिम हुनुपर्ने माग गरिएको छ। यसको पनि सुनुवाइ भएको छैन। विशेषगरी दलित समुदायका महिलाहरूले महिलाभित्र पनि सीमान्तकृत महिलाका लागि निजामतीमा आरक्षण अनिवार्य व्यवस्था हुनुपर्ने माग राखेका छन्।

संविधानको मर्म र भावनाअनुरूप निजामती सेवा हुनुपर्ने उहाँहरूको माग छ। दलित महिला अधिकारकर्मी एवं दलित महिला सङ्घका महासचिव रेणु सिजापति निजामती सेवामा महिला आरक्षणतर्फ व्यवस्था गरिएको २७ प्रतिशतभित्र दलित महिलाका लागि छुट्टै आरक्षणको व्यवस्था गर्नुपर्ने धारणा राख्नुहुन्छ। "हालको विधेयकमा महिलाभित्र पनि समावेशी समूहका आधारमा आरक्षणको व्यवस्था गर्नु राम्रो कुरा हो तर त्यसमा खसआर्य महिलाका लागि छुट्याइएको २७ प्रतिशतमा पनि दलित महिलाको प्रतिनिधित्व बढाउन आवश्यक छ", उहाँले भन्नुभयो।

हालको निजामती विधेयकको प्रस्तावित मस्यौदामा महिला आरक्षणतर्फ खस आर्य २७ प्रतिशत, आदिवासी जनजाति २५ प्रतिशत, मधेसी १५ प्रतिशत, दलित १२ प्रतिशत, थारू छ दशमलव छ प्रतिशत, मुस्लिम चार प्रतिशत, पिछडिएको क्षेत्र चार र अपाङ्गता भएका व्यक्ति चार प्रतिशत गरी कोटा छुट्याइएको छ। यसअघिको ऐनमा महिलाभित्रको आरक्षण छुट्याइएको थिएन।

सङ्घीय निजामती सेवा विधेयकमा समावेशीकरण दृष्टिबाट हेर्दा विधेयकको दफा ११ को पदपूर्तिसम्बन्धी विशेष व्यवस्थाको उपदफा (१), (२) र (३) मा समावेशी व्यवस्थाका लागि छुट्याइएको पदमध्ये ४९ प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशतमा समावेशीबाट महिलामात्र र बाँकीमा समावेशी समूहका उम्मेदवार हुने व्यवस्था गरिएको छ। नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव छविलाल विश्वकर्माले महिलाभित्र पनि दलित महिलाका लागि प्रतिशत छुट्याउनुपर्ने माग गर्नुभयो।

लोक सेवा आयोगकानुसार निजामतीतर्फ दुई दशमलव तीन प्रतिशत, प्रहरीतर्फ नौ दशमलव ४६ प्रतिशत र सैनिकतर्फ आठ दशमव १८ प्रतिशत दलितको उपस्थिति रहेको देखिन्छ। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का स्थायी कमिटी सदस्य परशुराम रम्तेल जनसंख्याको अनुपातमा यो संख्या निकै रहेकाले दलितलाई आरक्षण प्रतिशत बढाउनुपर्नेमा जोड दिनुहुन्छ। "संविधानले गरेको समानुपातिक समावेशीको सिद्धान्तअनुसार राज्यका सबै तह, तप्का र निकायमा प्रतिनिधित्व हुनुपर्छ तर अहिले त्यसको अक्षरशः कार्यान्वयन भएको देखिँदैन। यसर्थ सदियौँदेखि आर्थिक, सामाजिक, सांस्कृति, राजनीतिक रूपमा पछाडि परेका दलित समुदायलगायतको प्रतिनिधित्व बढाउनुपर्छ", उहाँले भन्नुभयो।रासस

# वरिष्ठ नेत्र विशेषज्ञ डा रुइत सम्मानित

काठमाण्डु। ताप्लेजुङसरोकार केन्द्र काठमाडौँले तिलगङ्गा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक डा सन्दुक रुइत आँखा उपचारका क्षेत्रमा पुऱ्याउनु भएको विशिष्ट योदानको कदर गर्दै अभिनन्दन गरेको छ।

सभामुख देवराज घिमिरेले शनिबार आयोजित समारोहमाउहाँलाईअभिनन्दनगर्नुभयो। ताप्लेजुङ ओलाङचुङगोलामा जन्मेर विश्वस्तरीय आँखा अस्पतालको विकास र बिरामीको उपचार गरी




नेपाललाई आँखा उपचारसम्बन्धी संसारकै शैक्षिक 'हव'का रुपमा विकास गर्न उहाँ सफल हुनुभएको छ। न्यून मूल्यमा विश्वस्तरीय लेन्स उत्पादन गरी मोतिबिन्दुको शल्याक्रियामा सरलीकरण गर्दै सीमान्तकृत व्यक्तिका लागि 'दृष्टिका देवता'का रुपमा डा रुइत चिनिनुभएको अभिनन्द पत्रमा उल्लेख छ। डा रुइतले यसअघि एसियाको सबैभन्दा ठूलो 'रामोन मेगसेसे पुरस्कार' बहराइन सरकारबाट प्रदान गरिएको 'इसा अवार्ड', भारत सरकारबाट पद्मश्री पदकका साथै विभिन्न मुलुकबाट पुरस्कार र सम्मान पाइसक्नुभएको छ।

सो अवसरमा सभामुख घिमिरेले हिमाली र पहाडी जिल्लाका रुपमा ताप्लेजुङसौन्दर्य, मनमोहक र आकर्षणसहित विविधतायुक्त रहेको र अहिलेसम्म आइपुग्दा गरिबी र अभावका कारण पछि परेतापनि यसको भविश्य भने सुन्दर रहेको बताउनुभयो। "यो सुन्दर भविष्य निर्माण गर्ने ताप्लेजुङका जनताका प्रतिनिधित्व गर्ने संस्था र विभिन्न क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्व र राजनीतिक नेतृत्वबाट जिल्लालाई कसरी विकास र समृद्धिमा अघि डोहोऱ्याउने सफल हुनेछन्", उहाँले भन्नुभयो।

कार्यक्रममा सभामुख घिमिरेले केन्द्रले जिल्ला र त्यस क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक विविधतासम्बन्धी विषय समेटी प्रकाशित गरेको पुस्तक लोकार्पण गर्नुभएको थियो। नेकपा (एमाले)का सचिव एवं पूर्वमन्त्री योगेश भट्टराईले देशका प्रमुख दुई राजनीतिक दल मिलेर गठन भएको वर्तमान सरकारले राजनीतिक स्थायित्व र समृद्धिका क्षेत्रमा योगदान दिन सकियोस् भन्ने हेतुले काम गरिरहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "देशलाई धेरै प्रयोगशाला नबनाऔँ, यी दुई दल इतिहासका निर्मातासँगै एकआपसका प्रतिस्पर्धी पनि हुन्, लोकतन्त्र प्राप्ति, शान्ति प्रक्रिया, संविधान निर्माणलगायत इतिहासका कठिन मोडमा मुलुकलाई अग्रगमनमा लैजान योगदान दिएका दल हुन्।"

अस्थिर राजनीतिका कारण इतिहासको महत्वपूर्ण क्षणमा एक ठाउँमा आउनुपरेको उल्लेख गर्दै एमाले सांसद भट्टराईले वर्तमान सरकार गठन भएसँगै सकारात्मक सन्देश आमजनतामा गएकाले राष्ट्रिय आत्मविश्वास बढाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

ताप्लेजुङवासीका रुपमा डा रुइतले खेल्नुभएको भूमिकाका आधारमा उहाँ सम्मानित हुनुभएको प्रसङ्ग उल्लेख गर्दै सभामुख घिमिरेले डा रुइतको योगदान र व्यक्तित्व स्वदेशमा भन्दा विदेशमा उच्च रहेको बताउनुभयो। सम्मानित व्यक्तित्व डा रुइतले कञ्जनजङ्गा हिमाल क्षेत्रको सदुपयोग गरी राष्ट्रले लाभ लिने र तमोर करिडोर सडक निर्माणलाई छिटो सम्पन्न गर्ने कार्यमा ध्यान पुऱ्याउन सरकार, संसद् र राजनीतिक दललाई सुझाव दिनुभयो।

प्राडा सुरेन्द्र केसीले लोकतन्त्र जीवनपद्धति भएकाले समाजलाई सही दिशानिर्देश गर्न र राष्ट्रको गौरव बढाउन यसको मर्म र भावनाअनुसार राजनीतिक दल र सरकारले कार्य सम्पादन गर्नुपर्छ भन्नुभयो। सरोकार केन्द्रका अध्यक्ष टङ्क श्रेष्ठले ताप्लेजुङको भाषा, संस्कृति, वेशभूषा, राजनीतिक, आर्थिक, सामाजिक पक्षलाई समेटेर प्रकाशित गरिएको पुस्तकको अध्ययनबाट सो क्षेत्रको इतिहासबारे बुझ्न र बुझाउन सहज हुने बताउनुभयो।रासस

# अपराधमा दोषी ठहरिएका सात सय ७३ जना फरार

नुवाकोट ।नुवाकोटमा भएका विभिन्न अपराधका घटनामा संलग्न रहेको पुष्टि भएका सात सय ७३ जना फरार रहेका छन्। जिल्ला प्रहरी कार्यालयका अनुसार विगतदेखि हालसम्म विभिन्न अपराधमा दोषी ठहर भएका ती व्यक्तिलाई फैसला कार्यान्वयनका लागि खोजतलास भइरहेको छ।

नुवाकोट प्रहरी प्रमुख प्रहरी उपरीक्षक शान्तिराज कोइरालाका अनुसार कार्यसम्पादन फरार अपराधीको संख्या नौ सय १३ जना रहेको थियो। हालै सम्पन्न आर्थिक वर्ष २०८०/८१ मा एक सय २७ जनालाई पक्राउ गरिएको र १३ जना आफैँ न्यायालयमा हाजिर भएका छन्।

जिल्लाको विभिन्न न्यायिक निकायको अन्तिम फैसलाबाट दोषी ठहर भएर फैसला कार्यान्वयन गर्नुपर्ने अपराधीको संख्या सात सय ७३ जना रहेका छन्। "पछिल्लो एक वर्षमा एक



सय २७ जनालाई पक्राउ गरेर फैसला कार्यान्वयनका लागि सम्बन्धित न्यायालयमा बुझाएसँगै उनीहरूबाट ६८ वर्ष तीन महिना १३ दिन कैद कट्टाको प्रक्रियामा गएको छ," प्रहरी प्रमुख कोइरालाले भन्नुभयो, "पक्राउ परेकामध्ये न्यायालयबाट दोषी ठहरिएर जरिवाना तोकिएकाबाट रु २४ लाख १९ हजारभन्दा बढी भुक्तान भएको छ।"नुवाकोटका न्यायालयबाट दोषी ठहर भएका तथा अदालतमा अभियोग लागेका प्रतिवादीलाई पछिल्लो समयमा खोजतलास तथा पक्राउ गर्ने क्रम तीव्र बनाएसँगै फैसला कार्यान्वयनमा निकै सुधार आएको प्रहरीको दाबी छ।

लामो समयदेखि फरार रहेकालाई सम्बन्धित न्यायालयमा उपस्थित गराउन तथा आफैँ न्यायालयमा उपस्थित हुन प्रहरीले चलाएको अभियानअन्तर्गत अघिल्ला वर्षको तुलनामा हालै सम्पन्न आर्थिक वर्षमा निकै सुधार आएको छ। फरार व्यक्ति पक्राउमा १० प्रतिशत र जरिवाना असुलीमा ४३ प्रतिशतले वृद्धि भएको प्रहरीको तथ्याङ्क छ।रासस

# मनसुनजन्य विपद्मा परी देशभर एक सय ५० को मृत्यु

काठमाण्डु । बाढी, पहिरोलगायत मौसमजन्य विपद्मा परी आजसम्म देशभर एक सय ५० जनाको मृत्यु भएको छ। विपद्मा परी काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २५, मधेसमा छ, बागमतीमा २९, गण्डकीमा ४२, लुम्बिनीमा २७, कर्णालीमा आठ र सुदूरपश्चिममा १० जनाको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ। विपद्मा ४९ जना बेपत्ता तथा एक सय ७७ जना घाइते भएका छन् भने विपदमा फसेका एक सय आठ जनालाई उद्धार गरिएको प्रहरीले जनाएको छ। बाढीका कारण तीन सय ८४ घर डुबानमा परेका छन्। यही जेठ २८ यताका भएका घटनाबाट चार हजार दुई सय १९ घरपरिवार विस्थापित भएका छन्।रासस


**सेवा निवृत कर्मचारी परिषद**

**जनकपुरधाम (नेपाल)**

**साधारण सभा सम्बन्धी सूचना**

यस सेवा निवृत कर्मचारी परिषद को १७ (सत्रहम) साधारण सभा यही २०८१ साल भाद्र १ गते शनिवार विहान ८ बजे देखि श्री सितामाता सेवा सदन (पगला बाबा धर्मशाला) को सभाकक्षमा हुने भएकोले परिषद्को सम्पूर्ण सदस्य महानुभावहरुमा जानकारी हुन अनुरोध छ।

**अध्यक्ष**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पारिश्रमिक समेत नदिने सरकार

शास्त्रीय गायनको क्षेत्रमा ख्याति कमाएका मुर्धन्य कलाकार गुरुदेव कामतको निधनले मधेश प्रदेशमा मात्र नभइ देशमै कलाकारप्रतिको उदासीनता उदागिंएको छ । कलाकार कामतले आर्थिक अभावमा समुचित उपचार नपाउँदा ज्यान गुमाउनु परेको यथार्थहरु सार्वजनिक भएका छन् । कामत केही समयदेखि गम्भीर रुपमा विरामी थिए । उपचारको भरमा उनी जीवित थिए। तर पछिल्लो समय उनका लागि अत्यन्त कष्टकर बन्यो । चरम आर्थिक संकटमा रहेका कामतलाई मधेश प्रदेश सरकारले सोधखोज समेत गरेनन् । उनलाई उपचार गराउन मधेश प्रदेश सरकारले सहयोग नगरेको प्रति मधेश प्रदेशमा आक्रोश छ । तर त्यो भन्दा पनि दुःखद पक्ष कामतले आफ्नो उपचारका लागि मधेश प्रदेश सरकार मातहतको मधेश प्रज्ञा प्रतिष्ठानको बैनरमा एकल शास्त्रीय संगीत प्रस्तुत गरे । त्यस कार्यक्रमबाट उनले पाउने पारिश्रमिकबाट उपचार गराउने अपेक्षा गरेका थिए । तर प्रज्ञा प्रतिष्ठानका अध्यक्षलगायतका पदाधिकारीहरुले उनको पारिश्रमिक समेत हजम गरे । कार्यक्रमको नाममा होटेल, सञ्चारलगायतका किर्ते बिलहरु बनाएर लाखौं रकम अनियमितता गरिएको छ । गुरुदेव कामत संगीत कार्यक्रमको नाममा भएको खर्च र भुक्तानीको फेहरिस्त प्रतिष्ठानले सार्वजनिक गर्नुपर्छ । तर प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडिले त्यो काम कदापि गर्ने छैनन् । प्रज्ञा प्रतिष्ठान गठन भएदेखि नै भ्रष्टाचारको सबै सीमाहरु पार गरिएको छ । वार्षिक करोडौं बजेट रहेको प्रज्ञा प्रतिष्ठानमा भएका काम र खर्च भएको रकम सार्वजनिक गरिनु पर्छ । काम गरेवापतको पारिश्रमिक समेत नपाउँदा उपचारमा समस्या भएर मृत्युवरण गर्ने कलाकारको रकम समेत हजम गर्ने पदाधिकारीहरुलाई सरकारले तत्काल बर्खास्त गर्ने प्रक्रिया थाल्नु पर्छ । मधेश प्रदेश सरकारले कामतको उपचारमा चासो नदेखाउने तर राष्ट्रिय झण्डा झुकाएर समवेदना प्रकट गर्नु गोहीको आँशु चुहाउने बाहेक केही होइन । मधेश प्रदेश सरकारले कलाकार, खेलाडी, साहित्यकार, पत्रकार, चिकित्सक, कानुन व्यवसायी, उद्योगी, व्यवसायी, शिक्षक, प्राध्यापक, किसान, मजदुर, महिलालगायतले गर्ने उत्कृष्ट कार्यहरु वापत सम्मान गर्नुपर्छ । उनीहरुको उपचारमा सरकारले सहयोग गर्नुपर्छ । प्रदेशमा उत्कृष्ट कार्य गर्ने सबै क्षेत्रका व्यक्तित्वहरुलाई उच्च सम्मान प्रदेश सरकारले गर्नुपर्छ । अन्य प्रदेश सरकारले सम्मानको सुरुवात गरिसकेको छ । तर मधेश प्रदेशमा सम्मान गर्ने त परै जाओस्, काम गरेको पारिश्रमिक समेत नपाएर उपचार अभावमा ज्यान गुमाउने अत्यन्त पीडादायी अवस्था छ। कामतको मृत्युले मधेश प्रदेशमा अर्थाभावमा ज्यान गुमाउने अवस्था आउदाँ पनि सम्बन्धित निकाय र सरकार मौन रहने गरेको सावित गरेको छ। वरिष्ठ कलाकार कामतप्रति हार्दिक श्रद्धाञ्जली ।

# मृतक–मृतकबीच विभेद



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

संविधानसभाबाट निर्मित संविधानमा राज्यको लागि सवै नागरिक समान हुन भनेर स्पष्ट रुपमा उल्लेख गरिएको छ । तर, राज्यले हाकाहाकी विभेद गरेको देख्दा संविधानको भावनालाई आत्मसात नगरेको ठहरिन्छ ।

संविधानमा विपन्न वर्गको उत्थानका लागि व्यापक रुपमा अधिकार प्रदान गरिएको छ । संविधानमा समानताको हकको व्यवस्था गरिएको छ । कम्युनिष्ट पार्टीहरुको मूल उद्देश्य समानताको सिद्धान्तमै आधारित छ । साम्यवाद र समाजवादको सिद्धान्तको आधारस्तम्भनै समानता हो । विश्वका प्रायः सवै राजनीतिक दलहरुले समाजवादको सिद्धान्तलाई आत्मसात गरेका छन् । नेपालमा राणाशासनपछि शाहवंशीय शासनको अन्त्यका लागि राजनीतिक दलहरुले समाजवाद र साम्यवादकै सिद्धान्तलाई आधार बनाएर दलहरु गठन गर्‍यो । मुलुक गणतन्त्र अवस्थामा पुगेपनि खासगरी, विपन्न वर्गको आवाज उठाउने दल अर्थात, बामपन्थी दलहरुले समाजवादको सिद्धान्तलाई व्यवहारमा उतारेको नदेख्दा सर्वसाधारणले ठगिएको महशुस गरेको हुनु पर्दछ ।

विश्वकै उत्कृष्ट संविधान बनाउनेहरुले संविधानको धारा १८को (१)मा सवै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । यस्तै, (३)मा राज्यले नागरिकबीच उत्पति, धर्म, वर्ण, जात, लिङ्ग, आर्थिक अवस्था भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन् । उक्त, धारामा अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

संविधानमा समानताको हक र बामपन्थीहरुको वर्गविभेदविरुद्ध आवाज उठाएको भएपनि बस दुर्घटना र जहाज दुर्घटनाका मृतकबीच राज्यको फरक दृष्टिकोणले मानवतालाई लज्जित बनाएको देखिन्छ । राज्यले दुर्घटनामा मृत्यु भएका व्यक्तिबीच विभेदकारी नीति देखाएपछि जनमानसमा सरकारप्रति असन्तुष्टि देखापर्नु स्वभाविक हो ।

दुईवटा यात्रुवाहक बस नारायणगढ त्रिशुली खण्डको सिमलतालस्थित त्रिशुली नदीमा खसेपछि वेपत्ता भएको एक महिना हुन लागेको छ । अहिलेसम्म बस फेलापरेको छैन् । सो घटनामा दुइटै बस गरी ६५ जना मृत्यु भएको अनुमान गरिएको छ । तीनजनाले पौंडि खेलेर ज्यान बचाउन सफल भए । एउटै परिवारका चार-पाँच जनाको मृत्यु भएको हो । ३० जनाको शव फेलापरेको छ । अझै ३५जनाको शव फेला पर्न सकेको छैन् । बस दुर्घटनाको पीडा सेलाउन नपाउँदै त्रिभुवन विमानस्थलबाट सौर्य एयरलाइन्सको विमान उडनासाथ दुर्घटनामा पर्‍यो । उक्त घटनामा चार बर्षीय बालकसहित १८ जनाको मृत्यु भयो । पीडामाथि पीडा थपिँए, मुलुक पुनः शोकमा डुबे । गत, बर्ष पोखरा विमानस्थलनजिक यति एयरलायन्सको विमान दुर्घटना हुँदा ७२ जनाको निःधन भएको थियो । सो बेला प्रधानमन्त्री पुष्पकमल दाहाल, गृहमन्त्री रवि लामिछाने र भौंतिक पूर्वाधारमन्त्री नारायणकाजि श्रेष्ठ समबेदना प्रकट गर्न र वस्तुस्थिति बुझ्न पोखरा पुगेका थिए । माओवादी केन्द्र, नेकपा(एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टी मिलेर सरकार गठन गरेको थियो । काठमाडौंमा सौर्य एयरलाइन्सको विमान दुर्घटनामा परेपछि प्रधानमन्त्री केपि ओली, गृहमन्त्री रमेश लेखकलगायतका मन्त्रीका साथै उच्च पदाधिकारीहरु त्रिभुवन विमानस्थलस्थित दुर्घटनास्थलमा पुगेका थिए ।

विमान दुर्घटना हुँदा प्रधानमन्त्री किन पुगेको भन्नु अनुचित हुन्छ । तर, दुईवटा बस एक्कै दिन त्रिशुलीमा खसेपछि उद्धार कार्य कसरी भइरहेको र पीडित परिवारलाई सान्त्वना दिनका लागि प्रधानमन्त्री वा गृहमन्त्रीहरुलाई पुग्नुपर्ने होइन् र । आकाशमा उड्ने र सडकमा गुड्नेबीच राज्यपक्षले विभेद गर्न मिल्छ ? प्रायःआर्थिक रुपले सम्पन्न व्यक्ति विमान चढछ्न, अर्बपतिले विमान खरिद गरेर चलाउँछन् । ठूलो उद्योगपतिको विमान दुर्घटना हुँदा राज्यका प्रायः सवै पक्ष जुट्ने, बस दुर्घटना हुँदा सामान्य घटना सम्झने । सडक दुर्घटना प्रायः प्रत्येक दिन हुने गर्दछ । यदि, सडक दुर्घटनामा दर्जनौं व्यक्तिको मृत्यु भएको छ भने राज्यको प्रधानमन्त्री नभए कमसेकम सम्बन्धित मन्त्रालयका मन्त्रीलाई अविलम्ब घटनास्थलमा पुगेर वस्तुस्थिति जानकारीका साथै पीडित परिवारबीच सान्त्वना दिनुपर्ने हो । यो राज्य पक्षको नैतिक जिम्मेवारी हो ।

> तीन महिना विद्युतको महशुल नतिरेपछि विद्युत कार्यालयले लाइन काट्छ । सिमेन्ट उद्योगले अर्बौ रुपैयाँ विद्युत उपभोग गरेबापत नतिर्दा ति उद्योगहरुको लाइन काटियो । स्वयं प्रधानमन्त्री ओलीले लाइन जोड्न आदेश जारी गर्‍यो । के त्यस्तो आदेश कुनै गरिब परिवारको लागि प्रधानमन्त्रीले बोल्ने हो ? तसर्थ, नेताहरु बामपन्थी वा प्रजातन्त्रवादी विचारधाराको भएपनि उनीहरु सोचाई सधैं जनताप्रति समान सोचाई राख्नु पर्दछ ।

सौर्य एयरलाइन्स दुर्घटनापछि अविलम्ब बसेको मन्त्रिपरिषदको वैठकले आधा दिन शोक मनाउनका लागि आधा झण्डा झुकाउने निर्णय गर्‍यो । गत,बर्ष यतिको पोखरामा दुर्घटना हुँदा देशभर शोक मनाउनका लागि एक दिन सार्वजनिक विदा नै दिएको थियो । विमान दुर्घटनामा मृत्यु भएको तुलनामा तीन गुना बढी अर्थात ६५ जनाको बस यात्रुको मृत्यु हुँदा राज्यले अधिकारिक रुपमा शोक मनाउन उचित ठानेनन् । उतिखेर, प्रचण्ड प्रधानमन्त्री थिए । यति विमान दुर्घटनामा परेपछि एक दिन सार्वजनिक विदा दिने तत्कालीन प्रधानमन्त्री प्रचण्डले बस दुर्घटनामा मृत्यु भएका व्यक्तिका लागि कमेकम आधा दिनपनि किन शोक मनाउन निर्णय गरेन् । यसको जवाफ प्रचण्डले नै दिने हो । किनकी, यो प्रश्न गम्भीर रुपमा उठेको छ । त्रिशुलीमा बस नखसेको भए, सौर्य विमान दुर्घटनापनि निश्चित रुपमा एक दिन शोक मनाउनका लागि सार्वजनिक विदा हुने नै थियो ।

केपि ओली र प्रचण्डको दल फरक फरक भएपनि उनीहरु कार्ल मार्क्सका सिद्धान्तलाई अङ्गिकार गरी दल गठन गरेका हुन् । उनीहरुले कार्लमार्क्सको मूल नीति समाजवादको सिद्धान्तलाई आफ्नो जीवनपद्धतिमा समेत उतारेको घोषणापनि पटक पटक गरेका हुन् । तर, वास्तविकता त उनीहरुको जीवनशैली कुनै सभ्रान्त परिवारभन्दा कम छ भन्न मिल्दैन् । सम्भवतः सोही कारणले हो कि विदेभकारी मानसिकताबाट आफूलाई मुक्त गराउन नसकेको स्पष्ट हुन्छ । जहिलेपनि सामन्तवाद, साम्राज्यवाद, भेदभाव, पुञ्जिवाद, जातिवादलगायत समाजमा विकृति उत्पन्न गर्ने विचारको विरुद्धमा सदैव सङ्घर्षरत रहने, वर्गविभेदविरुद्ध आवाज उठाउनेलगायतका नारा दिने बामपन्थी नेताहरुले यात्रुवाहक बसमा मृत्यु हुने यात्रुपनि मानिसनै हुन् भन्ने विर्से हो कि भनेर प्रश्न उठ्नु स्वभाविक हो । यसो हेर्दा, दलहरुको सिद्धान्त जेजस्तो भएपनि नेताहरुमा उच्चवर्गको मानसिकता वा बुर्जुवा सोच अझैपनि छ । विमान दुर्घटनामा मृत्युवरण गर्नेहरुका लागि मुलुकमा राष्ट्रिय शोक र सार्वजनिक विदा दिइन्छ भने बस दुर्घटनामा मर्नेहरुसँग विभेद किन गरेको ?

संविधानमा उल्लेख गरिएका समानताको हकविपरीत राज्यले मृतकबीच वर्ग विभेद गरेको स्पष्ट हुन्छ । बस दुर्घटनाको खवर तीव्र रुपमा फैलिएपनि उद्धारको कार्यमा केही ढिलाई भएको थियो । तत्कालीन प्रधानमन्त्री प्रचण्डले प्रमुख जिल्ला अधिकारीसमक्ष चासो राखेर खोजविनका लागि सवै स्रोत लगाउन निर्देशन दिएको थियो । त्यो सकारात्मक पक्ष भएपनि प्रचण्ड घटनास्थलमा पुगेको भए, पीडित परिवारले सहानुभूति पाउने थियो । प्रधानमन्त्री व्यवस्ताको कारण न आएपनि युवा गृहमन्त्री रवि लामिछाने मात्रै भाषणमैं सिमीत रह्यो । पदमा रह्दा घटनास्थल पुगेन, हटेपछि रमिता हेर्न आएको बुझिन्थ्यो । बामपन्थी विचारधारा अङ्गाले व्यक्तिको सोचाई गरिवको उत्थानको लागि बढी समर्पित हुन्छ । त्यस्तो भन्नका लागि मात्रै हो । सवै चुनाव जितेर सरकार बनाउन तल्लीन रहन्छ । तीन महिना विद्युतको महशुल नतिरेपछि विद्युत कार्यालयले लाइन काट्छ । सिमेन्ट उद्योगले अर्बो रुपैयाँ विद्युत उपभोग गरेबापत नतिर्दा ति उद्योगहरुको लाइन काटियो । स्वयं प्रधानमन्त्री ओलीले लाइन जोड्न आदेश जारी गर्‍यो । के त्यस्तो आदेश कुनै गरिव परिवारको लागि प्रधानमन्त्रीले बोल्ने हो ? तसर्थ, नेताहरु बामपन्थी वा प्रजातन्त्रवादी विचारधाराको भएपनि उनीहरु सोचाई सधैं जनताप्रति समान सोचाई राख्नु पर्दछ ।

बामपन्थीहरुले बर्गीय आधारमा राजनीतिक र सैद्धान्तिक चेतना जागृत गर्ने दावी गर्छन् । कार्लमार्क्सको सो सिद्धान्तलाई प्रतिपादित गर्ने बामपन्थी नेताहरुको मानसिकता पिछडिएका वर्ग को उत्थानका लागि कार्य गर्ने गर्नुपर्ने हो । नेपालमा गणतन्त्र स्थापना भएको डेढ दसकभन्दा बढी भइसकेपनि वर्ग विभेदको अन्त्य नारामा मात्रै सिमीत छ ।

सर्वसाधारण व्यक्तिहरु प्रायः बसमैं बसेर यात्रा गर्छन् । त्यसकारण, सामान्य श्रेणीमा पर्ने भयो । अर्को हवाइजहाजमा चढ्ने हुने खाने वर्गमा पर्छन् । हुने खाने वर्गसँग प्रधानमन्त्रीहरुले देखाएको अपनत्वले बसको दुर्घटनामा मृत्यु भएका परिवारको लागि थप पीडा थपिँएको बुझिन्छ । किनकी, मृत्युमा सवैको पीडा एक समान नै हुन्छ । पीडाले धनी गरिव छुट्ट्याउँदैन् । राज्यले छुट्ट्याएर आफ्नो चरित्र उदाङ्गो पारेको छ ।

### दुर्घटना र उद्धार

नारायणघाट -मुग्लिन सडक काठमाडौं आवतजावतको एकमात्र मुख्य सडक हो । प्रतिदिन हजारौं गाडी ओहोरदोहोर गर्छन् । अत्यधिक गाडी हिड्दा कम्पन हुनु स्वभाविक हो । त्यो कम्पनले गर्दा माटोको पकड विस्तारै विस्तारै एकापसमा छुट्न थाल्छ । अन्ततः पहिरोको रुपमा परिणत हुन्छ । सरकारले सडकको अवस्था के छ, कस्तो छ भनेर बर्षायाम अगावै यान्त्रिक परीक्षण गराउनुपर्ने हो । अव, सो सडकको चापलाई घटाउनका लागि अन्य वैकल्पिक बाटोको निर्माण कार्यमा तीव्रता ल्याउने र मुग्लिन सडकलाई सुरक्षित बनाउनका लागि ठोस कार्य गर्नु पर्दछ ।

सडक दुर्घटनामा परेर सवैभन्दा बढी मृत्यु हुने गरेको देखिन्छ । प्रहरीको केन्द्रीय तथ्याङ्कको आधारमा वितेको ६ बर्षमा करिव चौंध हजारको मृत्यु भएको छ । घाइतेहरुको सङ्ख्या २८ हजारभन्दा बढी छ । अप्रिल २०२२ देखि अप्रिल २०२३ को बीचमा दुई हजार ३२० जनाको सडक दुर्घटनामा मृत्यु भएको छ । मुलुकमा अहिलेसम्म ६२ पटक हवाई दुर्घटना भएको छ । सो दुर्घटनामा परेर अहिलेसम्म नौंसय पचास जनाको मृत्यु भएको छ । सडकको तुलनामा आकाशनै सुरक्षित छ । तर, तुलनात्मक रुपमा नेपालमा हवाई दुर्घटना बढेको देखिन्छ । पहाडी मुलुकका साथै मौंसममा अचानक परिवर्तनको कारणका साथै कतै न कतै लापरवाही पनि हुने गरेको आरोप लाग्ने गरेको छ । यी विषयहरुमा गम्भीर हुनु आवश्यक छ ।

साउन ९ गते काठमाडौंस्थित त्रिभुवन विमानस्थलमा सौर्य एयरलाइन्सको विमान दुर्घटना भयो । यसअघि,०७४ साल फागुन २८ गते त्रिभुवन विमानस्थलमैं युएस बाङ्ला एयर दुर्घटना हुँदा ५१ जनाको मृत्यु भएको थियो । विमानस्थलभन्दा टाढा दुर्घटना भयो भने उद्धार गर्नमा समय लाग्न सक्छ । तर, नेपालमा विमानस्थलनजिकैं दुर्घटना हुँदापनि समयमैं उद्धार हुन नसक्दा क्षति हुने गरेको देखिएको छ । जुन सौर्य एयरलाइन्सको दुर्घटनापछि उद्धारमा लागेको समयले पुष्टि गर्छ । विमानस्थलभित्रै ठूला दुर्घटना हुँदा नेपालको हवाई क्षेत्र असुरक्षित रहेको भनेर अन्तर्राष्ट्रिय क्षेत्रमा नराम्रो सन्देश प्रवाह भएको छ । युरोपियन युनियनले सन् २०१३ देखि कालोसूचीमा राखेको छ । किनकी, उनीहरुले नेपालको हवाई क्षेत्र निर्धारण गरेको हवाई सेफ्टीअन्तर्गत नभएको भनेर कालो सूचमिा राखेको हो ।

विमानस्थलमा जहाज दुर्घटना हुँदा कसरी उद्धार गर्ने भनेर नेपाल उडड्यन प्राधिकरणले विमानस्थल बन्द गरेर तालिम दिने गरेका छन् । विमान दुर्घटनापछि आगलागी हुँदा त्यसलाई नियन्त्रणमा लिन सवै संरचना तयारी अवस्थामैं हुन्छ । पटक पटक दुर्घटनामा क्षति बढी नै हुने गरेको अवस्थामा तालिममाथि प्रश्न उठ्न थालेको छ । अर्कोतर्फ, नेपालमा पुराना जहाजहरु किनेर ल्याउने गरिन्छ । सौंर्य एयरलाइन्सको सो विमान २१ बर्ष चार महिना पुरानो थियो । आउँदो दिनमा नेपालको आकाशलाई कसरी सरक्षित र भरपर्दो बनाउने विषयमा ठोस रणनीति आवश्यक छ । 'इतिश्री'

# देवी प्रतिभाको प्रवचन र महिला सशक्तीकरण



मञ्जु मिश्र

यतिखेर देवी प्रतिभाको प्रवचनलाई लिएर विभिन्न टीका-टिप्पणी भइरहेका छन् । महिला अधिकारवादीहरूले उनको विचारको विरोध गरिरहेका छन् भने धार्मिक व्यक्तिहरू महिमा गाइरहेछन् । पशुपति कोटिहोममा प्रवचन दिने क्रममा उनले भनेकी थिइन्– स्त्री सदा पतिपरायण हुनुपर्छ । पति जतिसुकै दुर्गुणी भए पनि पत्नी पतिव्रता रहिरहनुपर्छ । स्त्रीको धर्म पुरुषको प्रिय भइरहनु हो ।

आधुनिक युगमा यसो भन्नु आम महिला अधिकारको पक्षमा वकालत गरिरहेका हामीजस्ता वकिल, नेता र सामाजिक अभियन्ताका निम्ति अपाच्य जरुर हो, तर शास्त्रले यसो भन्छ भन्नु शास्त्राचार्यका निम्ति रोजीरोटी पनि हो ।

एउटी नेपालकी छोरीले विदेशमा गएर संस्कृत अध्ययन गर्नु आफैँमा ठुलो चुनौती हो, त्यो पनि नेपाल र भारतजस्तो सङ्कीर्ण पुरुषवादी सोच भएको समाजमा । सहजै अनुमान लाउन सकिन्छ कि उनले त्यो उपाधि जित्न कति सङ्घर्ष गर्नुपर्‍यो होला । साथीभाइ जमघट गरेर कलेज र पार्क अनि सिनेमा जाने उमेरमा आज उनी विश्वभरमा हिन्दुधर्म मान्नेहरूलाई श्रीमद्भागवत सुनाइरहेकी छन् । यो आफैँमा ठुलो त्याग हो । २३-२४ वर्षको रहर लाग्ने उमेरमा गरिष्ठ भोजन, चल्तीका आभूषण र वस्त्र त्यागेर ललाटमा चन्दन घसेर सेतो वस्त्र मात्र धारण गरी सनातन धर्ममा विश्वास राख्दै ज्ञान बाँड्नु हामी सबैको वशको कुरा होइन ।

मैले सानै उमेरदेखि घरमै हजुरबुबा र आमाका प्रभावले भगवद्गीता श्रवण गरेकी छु । महाभारतका प्रसंग, श्रीकृष्ण लीला, गीताको ज्ञान, शिवपुराण, सत्यनारायणको कथा, श्रीस्वस्थानी अनि राम कथाबारे कथा सुनेकी छु । यीबारे भेटिएका पुस्तक समेत अध्ययन गरेकी छु । पौराणिक वाङ्मयमा आधारित भई बनेका केही सिनेमा वा सिरियल समेत हेरेकी छु ।

घरमा बाबाले वधुशिक्षा मजैले वाचन गरिदिनुहुन्छ । म आध्यात्मिक हुँ वा होइन भन्न सक्दिनँ तर व्रत, पूजा, मन्दिर र सत्संगलाई हेला गर्दिनँ । मनोकामना पूरा हुन्छ भन्ने आशामा भारतको पूर्णगिरीदेखि नेपालको पाथीभरा माताको मन्दिरसम्म पुगेकी छु । बिहान कार्यालय आउँदा आउँदै श्रीगणेशलाई मनमा सम्झेर दण्डवत पनि गर्छु ।

तपाईं मान्नुस् या नमान्नुस्, सदियौँदेखि एक सामान्य स्त्रीले पतिको सेवा गरेकै छे, पतिको लामो आयुका निम्ति तिजको व्रत बसेकै छे, गलामा मंगलसूत्र र शिरमा सिन्दुर लगाएकै छे । स्त्रीको अन्य पुरुषसँगको सम्बन्धले आज पनि श्रीमान् र श्रीमतीको सम्बन्धविच्छेद भएकै छ, घर कलह भएकै छ, त्यस्ती स्त्रीलाई समाजले पतीत मानेकै छ । तपाईं हामी यस कुरामा सहमत पनि छौँ ।

सहवासको नियममा स्त्री र पुरुष दुवैलाई उत्तिकै बन्देज छ । शास्त्रले पुरुषलाई कि ब्रह्मचार्य धारण गर्नु भन्छ कि गृहस्थ जीवन जिउनु भन्ने उपदेश दिन्छ । तर स्त्रीको हकमा केवल पतिव्रता धर्म निभाउनु नै धर्मको रक्षा गर्नु हो । शिवले गोमा, सतीदेवी, पार्वती लगायतसँग विवाह गरे । श्रीकृष्णले रुक्मिणी, सत्यभामा, जाम्बवती लगायतसँग विवाह गरे । उता द्रौपदीले पाँच पाण्डवसँग विवाह गर्नुपरेको, सबैसँग सहवास गर्नुपरेको कथा छ । त्यस्तै कुन्तीपुत्रहरू कुन्तीका फरक-फरक श्रीमान्बाट जन्मिएका थिए भनिन्छ । तर राम र सीताले बहुविवाह गरेनन्, दुवै पतिव्रता र पत्नीव्रता रहेका कथा पाइन्छन् । त्यसैले राम पुरुषहरूका पनि श्रेष्ठ मर्यादा पुरुषोत्तम भनेर पुजिन्छन् । जानकीलाई पतिव्रता भनेर चिनाइएको छ । अर्थात् पुराणले स्त्री र पुरुष दुवैलाई बराबर मौका दिएकै छ । फरक छ त केवल हाम्रो बुझाइमा ।

हामीले महिला अधिकारलाई सशक्तीकरणको बुझाइबाट बुझेनौँ । बरु पुरुषहरूसँग बदला लिनुपर्छ भनेर बुझ्न थाल्यौँ । फलस्वरूप आधुनिक युगमा महिला र पुरुषको सम्बन्धमा प्रशस्त प्रश्न उब्जिए । आज विश्वमा सम्बन्धविच्छेदको दर बढ्दो क्रममा छ । किनकि हामीले बुझ्यौँ, पुरुषहरूको शासनबाट उम्किनु नै नारी मुक्ति हो ।

> हामीले देवी प्रतिभाको प्रवचनमा सवालजवाफ मात्र गर्नुभन्दा वस्तुपरक ढंगले मनन गर्नु उत्तम हुन्छ । प्रकृतिले नै महिलालाई नम्र, कोमल र सुसज्जित बनाइदिएको छ, सृष्टिकर्ता बनाएको छ । यो स्त्री गुणलाई हामीले कमसे कम हृदयंगम गर्नुपर्ने हो र पुरुषको वर्चस्वलाई चिर्दै देश-देशान्तरबाट कथा वाचन गर्न आएका महिलाको प्रशंसा गर्नुपर्ने हो । उनीहरु बिस्तारै समाजसुधारक विदुषीका रूपमा प्रशिक्षित हुनुपर्छ, यसमा हामीले सघाउनुपर्ने होइन र ? पुराण सुन्दैमा हेपिएको वा अपमानित हुनुपरेको आभास गर्न जरुरी छैन ।

आधुनिक युगमा यसो भन्नु आम महिला अधिकारको पक्षमा वकालत गरिरहेका हामीजस्ता वकिल, नेता र सामाजिक अभियन्ताका निम्ति अपाच्य जरुर हो, तर शास्त्रले यसो भन्छ भन्नु शास्त्राचार्यका निम्ति रोजीरोटी पनि हो ।

महिला सशक्तीकरण भनेको त आर्थिक उन्नति हुनु हो, अर्थात् महिलाहरू आर्थिक रूपमा सबल बन्नु हो, सामाजिक रूपमा उत्तरदायी बन्न सक्नु हो, सांस्कृतिक रूपमा पालनकर्ता बन्न सक्नु हो । अनि राजनीतिक दृष्टिकोणमा अब्बल साबित हुनु हो । अब प्रश्न छ, महिला सशक्तीकरणमा केले छेक्यो ? परिवारले, समाजले, राज्यले कि धर्मले छेक्यो ? सनातन हिन्दु धर्मले त रोकेकै छैन, बस् त्यसलाई व्याख्या गर्नेहरूले रोके । परिवारले आ-आफ्नै नियम बनाए समाजका डरले, समाज त विभिन्न विचारहरूले डोरिएको हुन्छ, हो त्यही विचारलाई हामीले परिमार्जन गर्न सकेनौँ ।

महिलाको लडाइँ केवल लोग्नेसँग होइन, सम्पूर्ण संयन्त्रसँग हो, जसले महिलालाई धर्मका नाममा, पतिव्रताको नाममा वा विकासवादी चेतनाको नाममा सधैँ बाहिर निस्कन दिँदैन । हाम्रो मुलुकमा राष्ट्रपति बनेकी महिलालाई समेत सामाजिक आक्षेप लगाइन्छ । प्रधानन्यायाधीश बनिसकेका महिलाका श्रीमान्लाई कमजोर पतिको संज्ञा दिइन्छ । कुनै महिला कुनै कर्मको शिखरमा पुग्छे, उसको प्रतिभा र क्षमताको कदर गरिनुपर्ने हो, उल्टै आक्षेप लगाएर उसको मिहिनेतलाई धुलिसात पार्न खोजिन्छ । यस्तो सोच चिर्न किन सक्दैनौँ हामी ? अनि देवी प्रतिभालाई तथानाम गाली गर्ने नैतिकता हामीसँग छ त ? उनलाई तथानाम गाली गर्नु भनेको उनको मिहिनेत, शैली र उपाधिमाथि नजरअन्दाज गर्नु होइन ?

श्रीमान्-श्रीमतीको सम्बन्ध घनीभूत हुन्छ भने के बिग्रन्छ ! महिलाले नै यसको सुरक्षा गर्न सक्छन् भने समाजलाई घाटा कसरी हुन्छ ? फेरि यो विभेदकारी पुरुषका विरुद्ध कानुन नै नभएको पुराण अधीन समय पनि होइन । के यो देशको कानुनले पुरुषलाई बहुविवाह गर्ने सहुलियत दिएको छ ? कानुनले गृहस्थलाई मान्यता मात्र दिएको छैन, यस विपरीत कार्य गर्नेको हकमा समेत सजायको व्यवस्था गरेको छ । हामी कानुनको यो प्राप्तिलाई किन विवेचना गरिरहेका छैनौँ र सनातन धर्मको नाश होस् भन्ने पक्षमा उभिएका छौँ ?

अर्कोतिर समाजशास्त्रीय चिन्तन छ, कुनै पनि देशको सार्वभौमसत्ता रक्षा गर्नु भनेको व्यापक रूपमा हेर्दा त्यस देशको धर्म र संस्कृतिलाई अक्षुण्ण राख्न सक्नु हो । जब धर्म र संस्कृतिमाथि आक्रमण हुन्छ, तब त्यस देशको स्वाधीनता र गौरव मासिँदै जान्छ । तिनै राष्ट्रहरू कमजोर हुन्, जो आफ्नो धर्म र संस्कृतिलाई बलियो बनाउन सक्दैनन् । यसो गर्न नसक्दा नेपालले बिस्तारै आफ्नो अस्तित्व गुमाइरहेको आभास हामी सबैलाई छ ।पूर्वीय दर्शनले समाज र परिवारलाई एक सूत्रमा बाँध्ने नियम बनाएको छ । ती नियम कहिले, कसरी र कुन सन्दर्भमा रचिए ? कसरी श्रुति परम्पराले तिनलाई जोगायो ? यो खोज-अनुसन्धानको विषय छ ।

अब प्रसंग बदलौँ र कोटिहोमतर्फ हेरौँ । प्रवीण पण्डित दिनबन्धुले नेपालका कम्युनिस्टहरूले मार्क्स वा स्टालिनलाई होइन, बरु श्रीकृष्णको अनुशरण गर्नुपर्ने कुरा बताइरहँदा धेरै मानिसले चित्त बुझाए । कथाको प्रसंगमा दिनबन्धु भन्नुहुन्छ– श्रीकृष्णले गोठाला, गरिब र मजदुरहरूको राज्य बनाइदिए । दुष्ट कंशबाट गोकुललाई मुक्त गराइदिए । हो, देवी प्रतिभाले पौराणिक साहित्यमा टेकेर पतिव्रताको कुरा गर्दा पछिल्लो विश्वको उदाहरण दिन चुकिन् । पण्डितहरूको काम प्रवचन गर्नु हो, व्याख्या गर्नु होइन । पुराणमा जे छ, त्यही सुनाउनु पण्डितको कर्तव्य हो ।

अहिलेका हामीले देवी प्रतिभाको प्रवचनमा सवालजवाफ मात्र गर्नुभन्दा वस्तुपरक ढंगले मनन गर्नु उत्तम हुन्छ । प्रकृतिले नै महिलालाई नम्र, कोमल र सुसज्जित बनाइदिएको छ, सृष्टिकर्ता बनाएको छ । यो स्त्री गुणलाई हामीले कमसे कम हृदयंगम गर्नुपर्ने हो र पुरुषको वर्चस्वलाई चिर्दै देश-देशान्तरबाट कथा वाचन गर्न आएका महिलाको प्रशंसा गर्नुपर्ने हो । उनीहरू बिस्तारै समाजसुधारक विदुषीका रूपमा प्रशिक्षित हुनुपर्छ, यसमा हामीले सघाउनुपर्ने होइन र ? पुराण सुन्दैमा हेपिएको वा अपमानित हुनुपरेको आभास गर्न जरुरी छैन ।

# घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा सरकार हरतरहले लागेको छ : उद्योगमन्त्री



काठमाण्डु । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निर्यातजन्य वस्तु साना तथा मझौला उद्योगमा प्रचुरमात्रामा रहेका भन्दै त्यस्ता उद्योगको प्रवर्द्धनमा सरकार हरतरहले लागेको बताउनुभएको छ ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका पदाधिकारीहरुसँग भएको छलफलमा उहाँले उद्योग मन्त्रालय र नेपाल घरेलु तथा साना उद्योग महासङ्घका पदाधिकारीबीच निरन्तर समन्वय र सहकार्य भएमा मुलुकको औद्योगिक विकासमा सहयोग पुग्ने बताउनुभयो ।

आत्मनिर्भर अर्थतन्त्रको बाटो भनेकै लघु, घरेलु, साना तथा मझौला उद्योग हुन् भन्दै मन्त्री भण्डारीले भन्नुभयो, "घरेलु तथा साना उद्योग भनेको तान बुन्ने मात्रै होइन कषि उद्योग पनिहो, विभिन्न उत्पादनमूलक उत्पादन, जडीबुटी सङ्कलन पनि हो । यी क्षेत्रलाई अझ समृद्ध बनाउनुहोस् । त्यसका लागि सहजीकरण गर्न मन्त्रालय तयार छ ।"उद्योगी व्यवसायीलाई प्रोत्साहित गर्ने र उद्योग व्यवसायको विकासका लागि सरकार प्रतिबद्ध रहेको उद्योगमन्त्रीको भनाइ थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले साना उद्योगीहरुकै लागि 'स्टार्टअप' कार्यक्रम ल्याइएको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताउनुभयो । उद्योग क्षेत्रको विकासका लागि लघु, घरेलु तथा साना उद्योगीहरुको भूमिकाको सराहना गर्दै उहाँले मन्त्रालयले उद्योगको विकासका लागि वार्षिक पुस्तिका नै तयार गरेर अगाडि बढेकाले सोही अनुरुप साथ दिन महासङ्घलाई आग्रह गर्नुभयो ।

महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहले सङ्घीय संरचना अनुरुप स्थानीय, प्रदेश र केन्द्रीय सरकारको कार्यक्षेत्र र जिम्मेवारी उल्लेख गरिएको औद्योगिक नीति तर्जुमा गर्न आवश्यक भएको बताउनुभयो । उहाँले विगतमा तीन तहकै सरकार सञ्चालनका क्रममा भोगेका अनुभवहरुको आधारमा औद्योगिक व्यवसाय ऐनमा सामयिक परिमार्जनको आवश्यकता औल्याउनुभयो ।

महासङ्घका पूर्वअध्यक्षहरु वासु गिरी र लता प्याकुरेल, श्याम गिरी, वरिष्ठ उपाध्यक्ष सूर्य कँडेल, उपाध्यक्षहरु शोभा गुरुङ र सत्यनारायण प्रजापति, महासङ्घ बागमती प्रदेशका उपाध्यक्ष रामकृष्ण खड्का, महासङ्घ बागमती प्रदेश महिला समिति अध्यक्ष सुलोचना श्रेष्ठ, महासङ्घ काठमाडौँ जिल्ला अध्यक्ष सीता कार्की, भक्तपुर जिल्ला अध्यक्ष प्रेम खर्बुजा, भक्तपुर जिल्ला पूर्वअध्यक्ष विरेन्द्र जत्ति, काठमाडौँ जिल्ला अध्यक्ष सीता कार्की, महासङ्घका कार्यकारिणी सदस्य विनोददेव पन्त, डिल्लीराम गिरीलगायतको सहभागिता रहेको थियो ।रासस

# गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न माग

काठमाण्डु । वाग्मती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री बिमल ठकुरीले गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न पहल गर्ने प्रतिबद्धता जनाउनुभएको छ । नेपाली कांग्रेस गोकर्णेश्वर नगर समिति वडा नं. ८ एकाई कार्य समितिले शनिबार जोरपाटीस्थित बेशीगाउँमा आयोजित कार्यक्रममा उहाँले काठमाडौँ उपत्यकामा पशुपतिनाथपछि धेरै सहयाग गरिने उहाँको भनाइ छ । कार्यक्रममा प्रतिनिधिसभा, अर्थ समितिका सभापति सन्तोष चालिसेले आफू गोकर्णेश्वर नगरपालिकाको नगर प्रमुख भएदेखि नै गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रको धार्मिक, सांस्कृतिक विकासका लागि काम गरेकाले यसलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न पहल गरिनुपर्नेमा जोड दिनुभयो । केन्द्र, प्रदेश र




धार्मिक पर्यटक आउने र पुरातात्विक, धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक दृष्टिले महत्वपूर्ण गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रलाई विश्व सम्पदामा सूचिकृत गर्न प्रदेश मन्त्रालयले पहल गर्ने जानकारी दिनुभयो । पशुपतिनाथमा श्रीयन्त्रको पूजा, आराधना र गोकर्णेश्वरमा बालयन्त्रको पूजा, आराधना हुने भएकाले उत्तिकै महत्वको मानिने उहाँको भनाइ थियो ।

गोकर्णेश्वर महादेव मन्दिरका माध्यमबाट यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि पनि काम गर्ने मन्त्री ठकुरीको प्रतिबद्धता थियो । सहकारी क्षेत्रमा आइपरेको समस्या समाधानका लागि पनि प्रदेश मन्त्रालयका तर्फबाट सक्दो स्थानीय तह मिलेर संस्थागत विकासमा काम गर्नुपर्नेमा उहाँले जोड दिनुभएको थियो । सहकारी क्षेत्रमा आएको समस्याका कारण अर्थतन्त्र नै सङ्कटमा परेकाले समस्या समाधानमा प्रदेश सरकारले पनि पहल गर्नुपर्नेमा सभापति चालिसेले जोड दिनुभयो ।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसालले गोकर्णेश्वर महादेव मन्दिरसँगै नगर क्षेत्रका सांस्कृतिक सम्पदाको विकासमा काम गरिरहेको बताउनुभयो । वाग्मती नदीको उद्गमस्थल वाग्द्वारबाट गोकर्णेश्वर महादेवमन्दिरसम्मको क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचिकृत गरिनुपर्ने उहाँको भनाइ थियो ।रासस

# अधुरा आयोजनालाई पूर्णता दिन प्रधानमन्त्री र विभागीय मन्त्रीहरूको ध्यानाकर्षण



म्याग्दी । म्याग्दीका अधुरा आयोजनालाई पूर्णता दिन जनप्रतिनिधि र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेताहरूको टोलीले प्रधानमन्त्री र विभागीय मन्त्रीहरूको ध्यानाकर्षण गराएका छन् ।

नेकपा (एमाले) म्याग्दीका नेता तथा एमालेबाट जिल्लामा निर्वाचित भएका जनप्रतिनिधिको टोलीले प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेल, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री देवेन्द्र दाहाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सूचना तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङलगायत मन्त्रीहरूलाई आज भेटेर ११ बुँदे मागपत्र बुझाएका हुन् । विपद्बाट क्षति पुगेका सडक मर्मत तथा वैकल्पिक सडक, मोटरेबल पुल निर्माण, बस्ती संरक्षण र अधुरा आयोजनालाई पूर्णता दिन प्रधानमन्त्री र विभागीय मन्त्रीहरूलाई ध्यानाकर्षण गराइएको एमाले म्याग्दीका अध्यक्ष बालकृष्ण सुवेदीले जानकारी दिनुभयो ।

बेनी-दरवाङ सडकअन्तर्गत फापरखेतको पहिरोको विकल्पमा बेलीब्रिज जडान गर्न, पहिरोले क्षतिग्रस्त बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डलाई पूर्णता दिन, पोखरेबगर-घोडेपानी सडकको लुलिया घुम्तीको पहिरो नियन्त्रण गर्न, बेनी बजार संरक्षण आयोजनाको बजेट बढाउन, बेनी-दरवाङ-सोलेडाडा-लामेला-बुर्तीबाङसडकलाईमध्यपहाडी लोकमार्गको बागलुङ खण्डको वैकल्पिक सडक बनाउन माग गरिएको छ । बेनी बजारस्थित म्याग्दी र कालीगण्डकी किनारको सडकलाई चक्रपथको रूपमा विकास गर्न, अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको प्रभा माविको भवनको अपुग बजेटको व्यवस्था मिलाउन माग गरिएको छ ।

ग ल े श्व र - मौवाफाँट-चिमखोला सडक, भगवती-बेग-बादुक सडक, बृहत् चिमखोला-पिप्ले-भगवती सडक आयोजनालाई बहुवर्षीय ठेक्का लगाउन स्रोतको सुनिश्चितता गराउन र प्रस्तावित ५३ मेगावाट क्षमताको बाँधस्थल परिवर्तन गरेर मात्र निर्माण अघि बढाउन माग गरेका छन् ।

नेकपा (एमाले) केन्द्रीय सदस्य भूपेन्द्र थापा, नरदेवी पुन, प्रदेश कमिटी सदस्यहरू हरिकृष्ण श्रेष्ठ, जिल्ला कमिटी अध्यक्ष बालकृष्ण सुवेदी, जिल्ला समन्वय समिति प्रमुख राजकुमार थापा, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, अन्नपूर्ण गाउँपालिका अध्यक्ष भरत पुन, मालिका गाउँपालिका अध्यक्ष बेग गर्बुजा र मङ्गला गाउँपालिका उपाध्यक्ष प्रेमा अधिकारीको टोलीले प्रधानमन्त्री र विभागीय मन्त्रीहरूलाई भेटेर जिल्लाको विकास निर्माणका विषयमा ध्यानाकर्षण गराएका हुन् ।

मागपत्र बुझेपछि प्रधानमन्त्री ओलीले प्रधानमन्त्रीले सम्बन्धित मन्त्रालय र निकायमा समन्वय गर्न निर्देशन दिनुभएको थियो । अर्थमन्त्री विष्णु पौडेलले यही आर्थिक वर्षमा सम्भव भएका माग पूरा हुने र बाँकी मागहरू अर्को आर्थिक वर्षमा समावेश हुने प्रतिबद्धता जनाउनुभयो ।रासस

# राहदानी विभाग र फ्रान्सस्थित नेपाली दूतावासको टोली पोर्चुगलमा

लिस्बन । पोर्चुगलमा रहेका नेपालीलाई राहदानी सेवा दिन राहदानी विभाग काठमाडौँ र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोली पोर्चुगल आइपुगेको छ ।

विद्युतीय राहदानी (ई-पासपोर्ट)का लागि आवेदन सङ्कलन गर्न विभागका निर्देशक मोतिबहादुर श्रीस नेतृत्वको तीन सदस्यीय टोली बिहीबार राजधानी लिस्बन आइपुगेको हो ।टोलीले लिस्बनस्थित गैरआवासीय नेपाली सङ्घ पोर्चुगलको हलमा 'घुम्ती सेवा शिविर' सञ्चालन गरिएको निर्देशक श्रीसले बताउनुभयो । समयमै काम सक्ने गरी सेवा दिने प्रयास गरिएको बताउँदै तोकिएको दिन र समयमा अनिवार्य उपस्थित हुन उहाँले सेवाग्राहीलाई आग्रहसमेत गर्नुभयो ।"अहिले राहदानी बनाउन अग्रिम आवेदन दिएकालाई प्राथमिकता दिएर काम गरिरहेका छौँ । आवश्यकता र कामको चाप हेरेर कन्सुलरसम्बन्धी अन्य आकस्मिक र जरुरी सेवा दिने प्रयास गर्नेछौँ", श्रीसले भन्नुभयो ।



गरेर शुक्रबारदेखि सेवा दिन सुरु गरेको छ । सेवा सुरु भएसँगै शिविर वरपर रहेका सेवाग्राही नेपालीको घुइँचो लाग्न थालेको टोलीका प्रमुख एवं विभागका निर्देशक मोतिबहादुर श्रीसले राससलाई जानकारी दिनुभयो ।

शुक्रबार पहिलो दिन राहदानीको म्याद सकिसकेका, म्याद एक वर्षभन्दा कम भएका, क्षति भएका वा हराएका र पोर्चुगलमा जन्मेका नेपालीका छोराछोरी गरी एक सय ८३ जनाको 'बायोमेट्रिक' विवरण सङ्कलन गरिएको छ ।नयाँ राहदानी बनाउन छ हजारले अनलाइन आवेदन भरेकाले सोही सङ्ख्याको हाराहारीमा दरखास्त सङ्कलन हुने अनुमान

दश दिनसम्म सञ्चालन हुने शिविर लिस्बनस्थित अवैतनिक नेपाली महावाणिज्यदूतावास, गैरआवासीय नेपाली सङ्घ पोर्चुगलसहित यहाँ क्रियाशील नेपाली सङ्घसंस्थाले समन्वय र सहजीकरण गरेका छन् ।

टोलीमा विभागका दुई र फ्रान्सस्थित नेपाली दूतावासका एक गरी तीनजना कर्मचारी सहभागी छन् । टोलीले अगस्त ११ तारिख (साउन २७ गते)सम्म राजधानी लिस्बनमा रहेर राहदानी सेवा दिनेछ । केही महिनाअघि पनि फ्रान्सस्थित नेपाली दूतावासको टोली पोर्चुगल आएर एक सातासम्म राहदानीसम्बन्धी सेवा प्रदान गरेको थियो ।रासस

**टोलीले लिस्बनस्थित गैरआवासीय नेपाली संघ पोर्चुगलको हलमा "घुम्ती सेवा शिविर" सञ्चालन गरेर शुक्रबारदेखि सेवा दिन सुरु गरेको छ ।**

# पोखराको विकासबारे ध्यानाकर्षण

गण्डकी । पर्यटन राजधानी पोखराको विकास र समुन्नतिका सन्दर्भमा नेपाली कांग्रेस कास्कीले काठमाडौँमा सङ्घीय मन्त्री तथा मन्त्रालयका कर्मचारीहरुसँग भेटघाट गर्नुका साथै परामर्शका साथ यहाँका समस्याबारे जानकारी गराएको छ ।

नेपाली कांग्रेस कांस्कीका सभापति किशोरदत्त बरालको नेतृत्वमा पार्टी पदाधिकारी, गण्डकी प्रदेश सरकारका कार्यवाहक मुख्यमन्त्री, विज्ञहरू, उद्योगी, व्यापारी, काठमाडौँमा रहेका पार्टी प्रतिनिधि सम्मिलित टोलीले सङ्घीय मन्त्रालयमा पुगी पोखरा क्षेत्रको विकास र समुन्नतिका विषयमा ध्यानाकर्षण गराएको हो ।

गृह, शिक्षा, स्वास्थ्य, परराष्ट्र, सहरी विकास, संस्कृति तथा पर्यटन मन्त्रालयमा भएका भेटघाट र परामर्शमा मन्त्रीहरूले विकास र समुन्नतिका सन्दर्भमा चासो देखाउँदै त्यसमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको टोलीमा सम्मिलित नेपाली कांग्रेसकी केन्द्रीय सदस्य शारदा पौडेलले बताउनुभयो ।

प्रदेशको राजधानीका साथै पर्यटन राजधानी पोखराको विकासले समग्र नेपालको प्रतिनिधित्व गर्ने



उल्लेख गर्दै नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले पर्यटन विकासमा सहजीकरण गर्न यो भेटघाट र परामर्श महत्वपूर्ण रहेको बताउनुभयो । विभिन्न चरणमा भएका भेटघाट र परामर्शमा पोखराको पर्यटन, सहरी विकास र स्वास्थ्यसम्बन्धी विषयलाई टड्कारो रुपमा उठाइएको नेतृ पौडेलले बताउनुभयो ।

भेटमा कोरला र वाल्मीकि नगरको उत्तर दक्षिण नाका खोलेर 'इन्टरसिटी ट्रेड कनेक्टीभिटी' बढाउने, पोखरामा महावाणिज्य दूतावास खोल्ने, भारत र चीनका नजिकका सहरमा पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट हवाईसेवा सञ्चालन गर्ने र चीनसँग भएको हवाई सम्झौता कार्यान्वयनमा ल्याउनेलगायतका विषय उठाइएको छ ।

यस्तै गङ्गालाल हृदयरोग केन्द्रको प्रादेशिक अस्पताल सेवा सञ्चालन गर्न पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई जग्गा उपलब्ध गराइसकिएको विषय, औद्योगिक क्षेत्र पूर्वाधार व्यवस्थापन, पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रका लागि विवादरहित जग्गा उपलब्ध भएको, अस्पताल र औषधिमा भएको 'सिण्डीकेट' तोड्नेलगायत महँगी नियन्त्रण एवं लगानी सहजीकरण जस्ता विषयमा सङ्घीय मन्त्रीहरूसँग छलफल र परामर्श गरिएको थियो ।

परामर्श तथा छलफलमा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आन्नन्दराज मुल्मीले सहजीकरण गर्नुभएको थियो । यस किसिमको छलफल र परामर्शबाट सरकारले दिशानिर्देश प्राप्त गर्ने र यसले मन्त्रालय तथा स्वयं सरकारको काम र योजनालाई अघि बढाउन सहयोग पुग्ने बताउँदै नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले उक्त अभियानको सराहना गर्नुभएको पौडेलले बताउनुभयो ।

छलफल र परामर्श टोलीले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेल, अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलगायतलाई भेटी पोखराको समग्र विकास निर्माणको स्थिति र सम्भावनाबारे ध्यानाकर्षण गराएको भ्रमण दलका सदस्य एवं कास्की कांग्रेसका सदस्य बाबुराम गिरीले जानकारी दिनुभयो ।रासस

# राजनीतिक स्थायित्वका लागि दुई ठूला दलको सरकार स् उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री प्रकाशमान सिंहले राजनीतिक स्थायित्वको जगमा आर्थिक परिवर्तनका लागि संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) मिलेर सामाजिक परिवर्तन र राजीतिक स्थिरताका लागि वर्तमान सरकार गठन भएको हो ।"

वर्तमान सरकारलाई सफल तुल्याउन जनतालाई सहज र सरल रुपमा सेवा प्रवाह गर्ने कार्यमा जुट्न उपप्रधानमन्त्री



सरकार बनाएको बताउनुभएको छ ।

नेपाली कांग्रेस काठमाडौँ क्षेत्र नं. १ का दुवै प्रदेश कार्य समितिद्वारा शनिबार आयोजित बधाइ तथा शुभकामना कार्यक्रममा उहाँले राजनीतिक स्थिरता राजनीतिक, सामाजिक, आर्थिक विकासका काम गर्न दुई ठूला दल मिल्नुपरेका हो भन्नुभयो । उहाँले भन्नुभयो, "मुलुकमा स्थिरता र स्थायित्व दिनका लागि दुई प्रमुख राजनीतिक दल आर्थिक,

सिंहले पार्टी कार्यकर्तालाई आह्वान गर्नुभयो । वाग्मती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले पहिलो र दोस्रो ठूलो राजनीतिक दलबीचको सहकार्यमा बनेको वर्तमान सरकार राजतीतिक स्थिरता र विकासका लागि परिणाम देखिने गरी काम गर्ने बताउनुभयो । दुई ठूला दल मिलेर प्रदेशमा सरकार बनेपछि स्थिरताको जग बसेको उहाँको भनाइ थियो ।रासस

# राजनीतिमा विद्यार्थी अग्रसर हुन जरुरी : अध्यक्ष लिङ्देन

बनियानी । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले राजनीतिक क्षेत्रमा विद्यार्थी अग्रसर हुनुपर्नेमा जोड दिनुभएको छ । शनिबार राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्गठन कचनकवल झापाको अधिवेशनमा सम्बोधन गर्नुहुँदै अध्यक्ष लिङ्देनले देशलाई सकारात्मक दिशामा अग्रसर बनाउन विद्यार्थीहरू राजनीतिमा प्रवेश गर्नुपर्नेमा जोड दिनुभयो ।

"राजनीति क्षेत्रमा विद्यार्थीको सक्रिय सहभागिता महत्त्वपूर्ण छ, देशको भविष्य विद्यार्थीहरूको हातमा छ, उनीहरूले मुलुकलाई सकारात्मक दिशा दिन सक्छन्", उहाँले भन्नुभयो।

राजनीति राम्रो भएमात्र देश विकास र सबैको भविष्य सुन्दर हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "तपाईँहरू राजनीतिमा आउनुपर्छ, राजनीतिलाई राम्रो बनाउनुपर्छ ।" योग्य विद्यार्थी राजनीतिमा नआए मुलुकले उन्नति हासिल गर्न नसक्ने उहाँले बताउनुभयो ।"हाम्रो आमाबुबाको भविष्य बर्बाद भयो, हाम्रो पनि भविष्य बर्बाद भएको छ", उहाँले भन्नुभयो, "तपाईहरूले पढाइसँगै राजनीतिमा पनि चासो दिन जरुरी छ ।" विद्यार्थीको हकहितका लागि सङ्गठनले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुहुँदै उहाँले नयाँ नेतृत्वलाई सफलताको शुभकामना दिनुभयो ।



अधिवेशनले विकास शर्माको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । अधिवेशनबाट उपाध्यक्षमा युनिसा दङ्गाल, कसिल दङ्गाल र टीकामाया कार्की चयन हुनुभएको छ भने सचिवमा विनोद पोखरेल र सहसचिव सकिला लिम्बू चयन हुनुभएको छ । कोषाध्यक्षको भूमिकामा सलेली राजवंशी चयन भएको निर्वाचन समितिले जनाएको छ ।

त्यसैगरी, सदस्यमा कोपिला राई, अपेक्षा राई, कमला बस्नेत, आशिष ढुङ्गेल, अभिषेक पराजुली, दर्पण लुइँटेल, राजा थापा, अशोक राजवंशी, राजा मण्डल, गोभा कटुवाल, शिल्वती राजवंशी, ममता राजवंशी, र मुकेश राजवंशी चयन हुनुभएको छ । कार्यक्रममा राप्रपा केन्द्रीय सदस्य अञ्जरा आलम, राप्रपा जिल्ला सदस्य एवं प्रदेशसभा सदस्य निमसरी राजवंशीलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।रासस

# ९/११ आक्रमणका ’योजनाकार’सँगको सहमति अमेरिकी रक्षामन्त्रीद्वारा रद्द



वीवीसी

काठमाण्डु ।अमेरिकी रक्षामन्त्री लोएड अस्टिनले सन् २००१ को सेप्टेम्बर ११ मा भएको आतङ्ककारी आक्रमणको षड्यन्त्र रचेको आरोप लागेका व्यक्तिहरूसँगको ’सुनुवाइ अघिको सहमति’लाई रद्द गरिदिएका छन्।शुक्रवार उनले जारी गरेको मेमोमा अस्टिनले आरोप लागेका व्यक्तिहरूसँग त्यस्तो सम्झौता गरी त्यसमा हस्ताक्षर गरेका सैन्य अदालत हेर्ने अधिकारीको अधिकार पनि गत बुधवार खोसेको उल्लेख गरिएको छ।

उक्त सम्झौता अन्तर्गत अभियोजनकर्ताहरूले अभियुक्तहरूलाई ’मृत्युदण्ड माग नगर्ने’ र आरोप लागेका व्यक्तिहरूले ’हमलाको षड्यन्त्र गरेको स्वीकार्ने’ सहमति बनेको बताइएको थियो।उक्त विवरण सार्वजनिक भएपछि ती हमलामा मारिएका केही व्यक्तिका आफन्तले त्यस्तो निर्णयप्रति आपत्ति जनाएका थिए। अमेरिकी रक्षामन्त्रीको मेमोमा हमलाको षड्यन्त्र बनाउने मुख्य व्यक्ति भनिएका खालिद शेख मोहम्मदसहित पाँच जनाको नाम रहेको छ।उनीहरू सबैलाई क्युबास्थित अमेरिकी जलसेनाको आधारशिविर ’ग्वान्टानामो बे’मा राखिएको छ।

यद्यपि सुरुमा सहमति गरिएको भनिएको विवरणमा तीन जनाको मात्र नाम उल्लेख थियो।अस्टिनले ब्रिगेडिअर जेनेरल सुसन एस्कलिअरलाई लेखेका छन्, “अभियुक्तसँग पूर्व-सुनुवाइ सम्झौता गर्ने निर्णयको अभिप्रायलाई मध्यनजर गर्दै मैले के निर्धारण गरेको छु भने... यस्तो निर्णयको जिम्मेवारी उच्च अधिकारीको रूपमा मसँग हुनुपर्छ।““म यसैका माध्यमबाट तपाईंको अख्तियार रद्द गर्छु। म मेरो अख्तियारको प्रयोगलाई तत्काल लागु गर्दै यसैमार्फत म तीनवटै पूर्व-सुनुवाइ सम्झौतालाई फिर्ता लिन्छु।“

ह्वाइट हाउसले पनि बुधवार उक्त सम्झौता हुनुमा आफ्नो कुनै भूमिका नभएको बताएको थियो। मेमोमा पाँच जना पुरुषहरूमा केएसएम भनिने खालिद शेख मोहम्मद, वालिद मुहम्मद सालिह मुबारक बिन अताश, मुस्तफा अहमद आदम अल-हवसावी, राम्जी बिन अल-शिभ र अलि अब्दुल अजिज अलीको नाम उल्लेख गरिएको छ।सम्झौता भएको भनेर बाहिर आएको विवरणमा राम्जी बिन र अलि अब्दुलको नाम उल्लेख गरिएको थिएन। आरोप लगाइएका यी व्यक्तिहरूलाई विगत २३ वर्षदेखि कुनै पनि सुनुवाइ नगरी सैन्य हिरासतमा राखिएको छ।

ती सबै पुरुषहरूले आफूहरूलाई व्यापक यातना दिइएको आरोप लगाएका छन्।उनीसँग सोधपुछ गर्न अमेरिका सरकारले गम्भीर यातनासहितका विभिन्न उपाय अवलम्बन गरेको बताइन्छ।त्यस्ता उपायलाई “इन्ह्यान्स्ड इन्टेरगेशन टेक्निक“ भनिन्छ र त्यसमा “वाटरबोर्डिङ“ पनि पर्छ।अमेरिकी सरकारले “वाटरबोर्डिङ“लाई प्रतिबन्ध लगाउनुअघि केएसएमलाई कम्तीमा १८३ पटक त्यस्तो यातना दिइएको थियो।

ती सबै पुरुषहरूले एक दशकभन्दा लामो समयदेखि अदालतमा पेस गरिनु अघिका सुनुवाइहरूको सामना गरिसकेका छन्।यो प्रकणरलाई उनीहरूमाथि लगाइएका आरोप र उनीहरूलाई दिइएको यातनाले निकै जटिल बनाएको छ। कयौँ पीडित परिवारका सदस्यहरूले बुधवारको सम्झौताका सर्तलाई व्यापक रूपमा उदार भएको भन्दै आलोचना गरेका थिए।ब्रेट एगलसन ९/११ जस्टिसका अध्यक्ष हुन्। उक्त संस्थाले आक्रमणमा बाँचेका र मारिएकाहरूका आफन्तको प्रतिनिधित्व गर्छ।

यसै साताको सुरुमा उनले बीबीसीसँग पीडित परिवारका सदस्यहरू “ती सम्झौता भएको थाहा पाएपछि गहिरो आघातमा परेको“ बताएका थिए।आफ्ना श्रीमान् टमलाई गुमाएकी टेरी स्ट्राडाले बीबीसी टुडे कार्यक्रममा “’ग्वान्टानामो बेका बन्दीहरूलाई उनीहरूले जे चाहन्छन् त्यो दिनका लागि एउटा सम्झौता भएको कुरा सुन्दा आफू स्तब्ध बनेको“ बताएकी थिइन्। मोहम्मदको प्रतिनिधित्व गर्ने ग्वान्टानामोका एक जना वकिलले द न्यूयोर्क टाइम्ससँग निर्णय उल्ट्याइएको कुराबाट आफू स्तब्ध भएको बताएका छन्।

“यदि रक्षामन्त्रीले यस्तो आदेश जारी गरेका हुन् भने म सम्मानपूर्वक र गहिरो असहमति राख्छु। यति धेरै वर्ष बितिसक्दा पनि सरकारले यो मुद्दाबाट पाठ सिकेको छैन,“ वकिल ग्यारी सोवार्ड्सले भने।“अनि यो कुचेष्टा उचित प्रक्रिया र निष्पक्ष कानुनी कारबाहीलाई बेवास्ता गर्दा उत्पन्न भएको परिणाम हो।“ती पुरुषहरूलाई नागरिकहरूमाथि आक्रमण गरेको, युद्धसम्बन्धी कानुन उल्लङ्घन गरी हत्या र अपहरण गरेको र आतङ्कवादी कार्य गरेको जस्ता अभियोगहरू लगाइएको छ।गत सेप्टेम्बरमा बाइडन प्रशासनले क्युबास्थित अमेरिकी जलसेनाको शिविरमा राखिएका पाँच जनासँग त्यस्तै खालको सम्झौताका सर्तहरूलाई अस्वीकार गरेको थियो।

ती आरोपितहरूले राष्ट्रपतिसँग उनीहरूलाई एक्लै राखिने कारागारमा नराख्न र आफूहरूलाई मानसिक आघात परेकाले उपचार गरिदिन आग्रह गरेको बताइने गरेको थियो। केएसएमले विमान अपहरण गर्ने तर विमानहरूलाई अमेरिकी भवनहरूमा ठोकाउने योजना अल-कायदाका नेता ओसमा बिन लादेनलाई सुनाएको आरोप लगाइएको छ।उनलाई ती आक्रमणको मुख्य योजनाकार भएको मानिन्छ।उनको योजनानुरूप नै अपहरणकारीहरूले यात्रुवाहक विमानहरू आफ्नो नियन्त्रणमा लिएर न्यूयोर्कस्थित वर्ल्ड ट्रेड सेन्टर र वाशिङ्टनबाहिर पेन्टागनमा लगेर ठोकाउन बाध्य बनाएको ठानिन्छ।

चौथो विमान चाहिँ त्यसमा सवार यात्रुहरूले अपहरणकारीमाथि प्रत्याक्रमण गरेपछि पेन्सिल्भेनियास्थित एउटा मैदानमा खसेर दुर्घटना भएको थियो।मोहम्मद अमेरिकामा पढेका इन्जिनियर हुन्। उनी सन् २००३ मा हाउसावीसँगै पाकिस्तानमा पक्राउ परेका थिए। हाउसावी चाहिँ साउदी नागरिक हुन् र उनले रकमको बन्दोबस्त गरेको आरोप लगाइएको छापछि केही अपहरणकारीहरूलाई तालिम दिन तथा उक्त कार्यमा संलग्न गराएका थिए।

कम्प्युटर वैज्ञानिक अलि चाहिँ केएसएमका भतिजा हुन् र उनले ९/११ आक्रमणका लागि प्राविधिक सहयोग गरेको आरोप लगाइएको छ।यमनका बिन अल-शिभले आक्रमणको संयोजन गरेको आरोप लगाइएको छ।उनी आफू पनि अपहरणकारी बन्न चाहन्थे र त्यसैअनुसार योजना बनाएका थिए। तर अमेरिकाको भिसा नलागेका कारण उनको त्यो लक्ष्य पूरा भएन।बिन अताश पनि यमनी हुन् र सन् २००० मा यमनमा यूएसएस कोलमा बम विष्फोटन गराएको आरोप उनीमाथि लागेको छ।

त्यस क्रममा १७ जनाको ज्यान गएको थियो। उनीमाथि सेप्टेम्बर ११ को हमलामा पनि संलग्न भएको आरोप लगाइएको छ। कैयौँ रिपब्लिकनहरूले उक्त सम्झौता रद्द गरेकोमा रक्षामन्त्रीको प्रशंसा गरेका छन्। अल-कायदाले गरेका आक्रमणहरूमा न्यूयोर्क, भर्जिनिया र पेन्सिल्भेनिया राज्यमा झन्डै ३,००० मानिसको मृत्यु भएको थियो।उक्त आक्रमणपछि अमेरिकी नेतृत्वमा अफगानिस्तान र इराकमा आक्रमणहरू सुरु भएका थिए। ती युद्धलाई अमेरिकाले “वार अन टेरर“ अर्थात् “आतङ्कवादविरुद्धको युद्ध“ भनेको थियो।

सन् २००१ का ती आक्रमणहरू अमेरिकी भूमिमा दोस्रो विश्वयुद्धपछि भएका सबैभन्दा घातक हमला थिए। दोस्रो विश्वयुद्धका बेला सन् १९४१ मा हवाईमा जापानले आक्रमण गर्दा पर्ल हार्बरमा २,४०० जनाको मृत्यु भएको थियो।त्यसपछि अल-कायदाको आक्रणम नै अमेरिकी भूमिका भएको सबैभन्दा घातक हमला हो।

## मध्यपूर्वमा सैन्य उपस्थिति बढाउदै अमेरिका

एएनआई

तेल अवीव । यस हप्ताको सुरुमा तेहरानमा हमासका वरिष्ठ नेता इस्माइल हानियाको हत्याले मध्यपूर्व क्षेत्रमा तनाव बढ्दै जाँदा अमेरिकाले उक्त क्षेत्रमा आफ्नो सैन्य उपस्थिति बढाइरहेको सिएनएनले जनाएको छ ।

“रक्षा सचिव लोयड अस्टिनले हाल ओमानको खाडीमा तैनाथ रहेको ‘युएसएस थियोडोर रुजवेल्ट स्ट्राइक ग्रुप’ नामक नौसैनिक जहाजलाई ‘युएसएस अब्राहम लिंकन स्ट्राइक ग्रुप’ले प्रतिस्थापन गर्न आदेश दिनुभएको छ” पेन्टागनकी उप-प्रेस सचिव सबरीना सिंहले एक विज्ञप्तीमार्फत बताउनुभयो ।

अमेरिकाले ब्यालिस्टिक मिसाइल आक्रमण रोक्न सक्षम विध्वंसक मिसाइल र सैन्य जहाजहरु मध्यपूर्व र भूमध्यसागरमा पठाउने सिएनएनले जनाएको छ ।

विज्ञप्तिमा कुन युद्धपोत पठाइएको छ भनेर खुलाएको छैन् । तर अप्रिलमा पूर्वी भूमध्यसागरमा इजरायल विरुद्ध इरानको आक्रमण रोक्नमा दुई अमेरिकी सैन्य जहाज प्रयोग गरिएको थियो ।

“अस्टिनले यस क्षेत्रमा लडाकु मिसाइल पनि तैनाथ गर्न आदेश दिनुभएको छ”, सिंहले भन्नुभयो ।

अमेरिकाले पहिले नै यस क्षेत्रमा ‘यूएसएस वास्प एम्फिबियस’ नामक सैन्य जहाज तैनाथ गरेको छ जुन आवश्यकता भएमा आदेशअनुसार लेबनानमा रहेका अमेरिकी नागरिकहरूको उद्दार गर्न सक्षम छ ।

इरानले तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानियाको हत्याको बदलामा इजरायलमाथि आक्रमण गर्ने वाचा गरेसँगै मध्यपूर्वी क्षेत्रमा तनाव बढेको हो । इजरायलले भने हानियाको हत्याको बारेमा कुनै टिप्पणी व्यक्त गरेको छैन ।

# के बुध ग्रह ‘उल्टो दिशातिर जाँदा’ हामीलाई असर गर्छ?

वीवीसी

काठमाण्डु ।प्रत्येक वर्ष तीन वा चार पटक सामाजिक सञ्जालमा बुध ग्रहको चर्चा हुने गर्छ। तर नयाँ वैज्ञानिक तथ्य पत्ता लागेको वा अन्तरिक्ष अभियान सञ्चालन हुन लागेको भएर त्यसो हुने होइन।उक्त ग्रह ’वक्र चालमा’ पुग्दा वा ’उल्टो दिशातिर’ लाग्दा ज्योतिषशास्त्रमा विश्वास गर्ने मानिसहरू ’दुर्दशा’ निम्तिने ठान्छन्। त्यही विषयमा धेरैले रुचि देखाउँछन्।

बुध ग्रह सूर्यसँग सबैभन्दा नजिक भएको ग्रह हो। यो हाम्रो सौर्यमण्डलको सबैभन्दा सानो ग्रह पनि हो। “बुध वक्री“ एउटा स्वाभाविक र निरन्तर भइरहने खगोलीय घटना हो। वक्री हुँदा उक्त ग्रह अन्य ग्रहका मार्गसँग तुलना गर्दा आफ्नो स्वाभाविक मार्गभन्दा उल्टो दिशातिर गएको देखिन्छ।यस्तो घटना सौर्यमण्डलमा भएका सबै ग्रहमा हुन्छ। ग्रहहरूले भिन्नभिन्न गतिमा सूर्यलाई परिक्रमा गर्ने हुँदा त्यसो हुन पुग्छ।वक्री हुँदा बुध ग्रह आकाशमा उल्टो दिशातिर लागे जस्तो देखिन्छ। पृथ्वीबाट हेर्दा त्यस्तो दृष्टिभ्रम हुन्छ। पृथ्वी र बुधले सूर्यलाई फरक गतिमा परिक्रमा गर्दा बुध उल्टो बाटोमा देखिन पुग्छ।

बुधले पृथ्वीले भन्दा चाँडै सूर्यको फन्को मार्छ। पृथ्वीलाई उछिनिसकेपछि बुध उल्टो दिशातिर लागे जस्तो देखिन्छ। यद्यपि बुध आफ्नै कक्षमा रहेर सूर्यको परिक्रमा गरिरहेको हुन्छ।बाटोमा कुदेका दुइटा गाडीमध्ये तीव्र गतिमा रहेको गाडीबाट हेर्दा अर्को गाडी पछाडि सरे जस्तो देखिनु र पृथ्वीबाट हेर्दा बुध उल्टो दिशातिर गएको देखिनु समान कुरा हुन्।

यो खगोलीय घटना हजारौँ वर्षदेखि देख्दै आइएको छ। पूर्वीय र पाश्चात्य ज्योतिषशास्त्रीहरू बुध ग्रह वक्री हुँदा हाम्रो जीवनमा नराम्रो प्रभाव पर्ने मान्यता राख्छन्।एक वर्षमा बुध ग्रह तीन वा चार पटक वक्री हुन्छ। प्रत्येक पटक त्यसको अवधि तीन साताजति हुन्छ। अर्थात् एक वर्षमा एकचौथाइभन्दा कम समय बुध उल्टो चालमा देखिन्छ।

यो वर्ष (सन् २०२४ मा) बुध ग्रह एक पटक वक्री भइसकेको छ।तर विश्वका विभिन्न स्थानमा समय भिन्न हुने भएकाले दिन यताउता पर्न सक्छ। “विगतमा खगोलशास्त्र र ज्योतिषशास्त्रको धरातल नजिकै भएको भए पनि अहिले वक्रीजस्ता खगोलीय घटनाबाट मानिसको जीवनमा देखिने खालको कुनै प्रभाव पर्दैन भन्ने वैज्ञानिक मान्यता छ,“ खगोलविद् धारा पटेल भन्छिन्। उनी यूकेको लाइस्टरस्थित न्याश्नल स्पेस सेन्टरमा कार्यरत छिन्।

वैज्ञानिक प्रमाण नभए पनि मानिसहरू यो खगोलीय वा ज्योतिषीय घटनाको विषयमा विद्यमान परम्परागत धारणाप्रति विश्वास गर्छन्। खगोलशास्त्रले ब्रह्मण्डको रहस्य बुझ्न खगोलपिण्डहरू तथा भौतिक, रासायनिक र गणितीय प्रक्रिया वा घटनाको अध्ययन गर्छ। फलित ज्योतिषशास्त्रले भने विभिन्न राशि, ग्रहगोचर र नक्षत्र आदिबाट मानिसमा पर्ने प्रभावको अध्ययन र अनुमान गर्छ।



प्राचीन मेसोपोटामियामा इसापूर्व तेस्रो शताब्दीतिर ज्योतिषशास्त्रको उदय भएको र त्यहीँबाट प्राचीन भारतीय सभ्यतामा त्यसले प्रवेश पाएको ठानिन्छ। वैदिक परम्परामा ज्योतिषलाई वेदको अङ्ग मानिन्छ र अहिले पनि धेरै सर्वसाधारण मानिसका संस्कार र जीवनमा ज्योतिषशास्त्र अनुसरण गरिन्छ।प्राचीन ग्रीस पुगेपछि पाश्चात्य ज्योतिषशास्त्र अहिलेको स्वरूपमा आएको ठानिन्छ।

ज्योतिषशास्त्रले इस्लामिक संस्कृतिमा ग्रीक परम्पराको बाटोबाट प्रवेश पायो। अनि मध्यकालतिर अरबी भाषा सिक्ने रुचि बढेपछि युरोपेली समाजमा त्यो फर्किएको ’इन्साइक्लोपिडिआ ब्रिटानिका’ले उल्लेख गरेको छ।आधुनिक विज्ञान मान्नेहरूले फलित ज्योतिष र राशिफललाई ’छद्मविज्ञान’ भन्छन्। तर ज्योतिषशास्त्रलाई पत्याउने मानिसहरू विभिन्न ग्रह, तिनको स्थान र चालले हाम्रो दैनिक जीवन, भावना, विचार, भविष्य र भाग्यमा प्रभाव पार्ने विश्वास गर्छन्।

प्राचीनकालमा सङ्गठित भएर बस्न थालेपछि मानिसहरूलाई मौसम कस्तो हुन्छ, वर्षा कहिले हुन्छ, आर्द्रता वा तापक्रम कस्तो हुन्छ, हावा र घाम लाग्छ कि लाग्दैन जस्ता कुरा थाहा पाउन आवश्यक भयो। आफ्नो अस्तित्वका लागि पनि ती कुराको ज्ञान हुनुपर्थ्यो।ग्रीकहरूले बुध ग्रहलाई भाग्य, रक्षा, उर्वरता, सङ्गीत र छलका आफ्ना देवता हर्मीजसँग जोडिदिए।रोमन मिथकहरूमा बुधलाई ’मर्करिअस’ भनिएको छ। मर्करिअस व्यापार र सञ्चारका देवता हुन् अनि अरू देवताका दूत पनि हुन्। त्यसबाहेक मर्करिअसले पातालमा भएका आत्माहरूलाई मार्गदर्शन पनि गर्छन् भन्ने मान्यता छ।

वैदिक ज्योतिषमा बुधलाई बुद्धि, वाणी, वृद्धि र समृद्धिसँग सम्बन्धित फल दिने ग्रह मानिएको छ। बुध ग्रह सामान्य चालमा हुँदा र वक्री हुँदा जन्मिएका मानिसमा उक्त ग्रहको प्रभाव र स्वभाव विभिन्न अवस्थामा भिन्नाभिन्नै ज्योतिषीहरू बताउँछन्।मनोविज्ञानमा प्रचलित सिद्धान्तहरूका अनुसार पूर्वाग्रहका कारण मानिसहरू ज्योतिष वा राशिमा विश्वास गर्छन्। मानिसहरूमा त्यस प्रकारको पूर्वाग्रह प्रायः देखिन्छ।

आफूले मान्दै आएको कुरालाई पुष्टि गर्ने खालका कुरामा मानिसहरूको रुचि हुन्छ। मानिसहरू बलियो प्रमाणबिनै पनि आफ्नो पूर्वाग्रहबाट प्रेरित भएर त्यस्ता कुरामा विश्वास गर्छन् वा तदनुरूप विश्लेषण गर्छन्।“मानिसहरूलाई सुखद लाग्ने कुरा पत्याउन खोज्छन् अनि मस्तिष्कले सधैँ उक्त कुरा वा स्थितिको विश्लेषण वा पुनः परीक्षण गर्छ भन्ने हुँदैन,“ मनोविद् जैनब आजमी भन्छिन्। उनले अहिले युक्रेनमा मानिसहरूको मानसिक स्वास्थ्यमा अनुसन्धान गरिरहेकी छन्।

“आफूले भोग्नुपरेका समस्याका वास्तविक सम्भावित कारण र तिनमा भएका विभिन्न पक्षको जाँच वा अनुसन्धान नगरीकनै मानिसहरूलाई ज्योतिषशास्त्रले तत्कालै र सजिलै के हुन सक्छ भनेर भनिदिन सक्छ,“ उनले भनिन्।वैज्ञानिक प्रमाण नभए पनि धेरै मानिसहरू ज्योतिषशास्त्रलाई प्रेरणा, मनोरञ्जन र आध्यात्मिक शान्तिको मार्गमा लाग्ने स्रोत मान्छन्।“कतिपय मानिस ज्योतिषलाई मिथ्या भन्छन्,“ बेइरुतस्थित रेइकी विशेषज्ञ मिरेल हामाल भन्छिन्।

“तर ग्रहहरूको प्रभावबारे जान्नु र सतर्क हुनुपर्छ,“ उनी भन्छिन्, “अनि पूर्णतः लिप्त हुने स्थितिमा नपुगी आफ्नो मान्यतानुकूल के गर्ने वा नगर्ने छान्नुपर्छ।“उनी बुध वक्री भएको अवधिमा जीवनमा ठूलो प्रभाव पार्ने कार्य र किनेबेच गर्नु नहुने धारणा राख्छिन्।रेइकी अदृश्य ऊर्जा प्रयोग गरेर उपचार गरिने लोकप्रिय विधि हो। तर यसको प्रभावकारितालाई पुष्टि गर्ने वैज्ञानिक प्रमाण भेटिँदैन।

# महिला भलिबलमा भारतमाथि नेपालको ऐतिहासिक जित



काठमाण्डु । राजधानीमा जारी काभा महिला भलिबल नेसन्स लिग भलिबल प्रतियोगितमा नेपालले पहिलो पटक भारतलाई पराजित गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शनिबार भएको खेलमा भारतलाई ३-२ को सेटमा पराजित गर्दै नेपालले एतिहासिक जित दर्ता गराएको हो । महिला भलिबल प्रतियोगितामा नेपालले पहिलो पटक भारतलाई हराएको हो । जारी प्रतियोगितामा नेपालको यो दोस्रो जित हो । निकै प्रतिस्पर्धात्मक खेलमा पहिलो सेट नेपालले २५-१८ ले जित्यो । खेलको दोस्रो सेट भारतले २५-१२ ले आफ्नो पक्षमा पाऱ्यो । तेस्रो सेट भने नेपालले जित्यो । नेपालले भारतलाई २५-१७ ले पाखा लागायो । तर चौथो सेट १८-२५ ले गुमाएको नेपालले अन्तिम तथा निर्णायक पाँचौ सेटमा भारतलाई १५-१३ ले पराजित गऱ्यो ।

उक्त च्याम्पियनसिपमा नेपालसहित भारत, श्रीलङ्का, माल्दिभ्स र इरानको सहभागिता छ । शीर्ष चार टोलीले सेमिफाइनल खेल्नेछन् । उक्त प्रतियोगिताअन्तर्गत भोलि दिउँसो ३ बजे हुने पहिलो खेलमा श्रीलङ्का र माल्दिभ्स भिड्नेछन् भने सवा पाँच बजे हुने दोस्रो खेलमा नेपालले इरानसँग खेल्नेछ । उक्त दुवै खेल त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा हुनेछ । जारी प्रतियोगिताको आफ्नो पहिलो खेल नेपालले श्रीलङ्कालाई ३-० को सोझो सेटमा पराजित गरेको थियो । नेपालले श्रीलङ्कामाथि २५-१९, २५-१८, र २५-१९ ले पराजित गरेको थियो ।रासस

# टर्कीका सुटर युसुफ डीचेक ओलिम्पिक्समा भाइरल हुनुको कारण

बीबीसी

काठमाण्डु । एउटा हात खल्ती छ, विशेष प्रकारको चस्मा पनि लगाएका छैनन् र साधारण टी-सर्ट लगाएर आनन्दित शैलीमा देखिएका टर्कीका ओलिम्पिक सुटर युसुफ डीकेचको तस्बिर सामाजिक सञ्जालमा भाइरल भएको छ।




केही मानिसहरूले त्यसमा प्रतिक्रिया जनाउँदै भनेका छन्, “टर्कीले ओलिम्पिक्समा हिटम्यान पठायो।” जसको अर्थ पैसा लिएर कसैको हत्याका लागि गोली चलाउने व्यक्ति भन्ने हुन्छ। “म चिन्ता मुक्त देखिए पनि मेरो मनस्थिति ठ्याक्कै विपरीत थियो”, आफ्नो टोलीका लागि रजत पदक जित्न सफल भएपछि उनले टर्कीका सञ्चार माध्यमहरूसँग भने।

“तर म आनन्दित देखिँदा मेरा विपक्षीहरू निराश हुन्छन्,” उनले भने। ओलिम्पिक्स खेल आयोजकको सामाजिक सञ्जालमा डीकेच र कोरियाली सुटर किम येजीको तस्बिर शेअर गर्दै उनीहरूलाई “हामीले पहिचान नगरेका ओलिम्पिक सुटिङ खेलका स्टारहरू” भनेको छायो साता उनले आफ्नो टिमका तारहानसँग टर्कीका लागि पहिलो ओलिम्पिक पदक जितेर इतिहास बनाए। उनका विपक्षीहरूले कैयौँ विशेष उपकरण प्रयोग गरिरहेको र उनी साधारण रूपमा देखिएको कुराले सामाजिक सञ्जालमा मिमहरू बने।

उनको आनन्दित शैलीबारे गरिएको प्रश्नमा ५१ वर्षका डीकेचले आफू “स्वाभाविक सुटर” भएको प्रतिक्रिया दिए। “कतिपय रेफ्रीले सोध्छन्, ‘तिमिसँग सुटिङको चस्मा र विशेष जुत्ता छैन?’”“म त्यसमा जवाफ दिन्छु, ‘छैन, म स्वाभाविक सुटर हो’ अनि हामी सबै जना हाँस्छौँ।” उनको हात खल्तीमा देखिनुको कारण चाहिँ उनी शान्त भएर होइन। सुटरहरूले आफ्नो राम्रो सन्तुलनका लागि यस्तो गर्छन्।

डीचेचको सुटिङ सीप खेलाडी भएका कारण मात्रै विकास भएको होइन। उनी एक सिपाही पनि हुन्।उनी टर्कीको अर्धसैनिक बलका अवकाशप्राप्त अधिकारी हुन्। उनी आफू २८ वर्षको हुँदा यो खेलमा आबद्ध भएका हुन्। यो पटक उनले लगातार पाँचौँ पटक ओलिम्पिक्समा प्रतिस्पर्धा गरेका हुन्। तर उनले त्यसका लागि तालिम दिने व्यक्तिसँग सिकेनन्।

“तालिममा म आफ्नो शरीरको सन्तुलनमा बढी ध्यान दिन्छु। यदि म सँग प्रशिक्षक भए भने उनले मेरो शरीरको सन्तुलन मूल्याङ्कन गरेर तालिमको कार्ययोजना बनाइदिन्छन्,” उनले भने। प्रशिक्षकबिनै उनले सन् २०१४ मा दुई वटा विश्व च्याम्पिअन जिते, एउटा २५ मिटर स्ट्यान्डर्ड पेस्तोल र २५ मिटर सेन्टर फायर पेस्तोल प्रतिस्पर्धामा। यो पटक सन् २०२४ को ओलिम्पिक्समा उनले १० मिटर एअर पेस्तोलमा रजत पदक जिते।उनले सातौँ पटकसम्म युरोपेली च्याम्पिअनसिप समेत जितेका छन्। सबैभन्दा पछिल्लो पटक उनको जित यसै वर्ष हङ्गेरीमा भएको थियो। टर्कीमा फर्किएपछि उनले अमेरिकाको लस एन्जलसमा हुने सन् २०२८ को समर ओलिम्पिक्समा प्रतिस्पर्धा गर्ने आफ्नो लक्ष्य सुनाए। त्यसका लागि स्वास्थ्यले साथ दिने उनको विश्वास छ।

“म आजैबाट सन् २०२८ को ओलिम्पिक्सका लागि तयारी सुरु गर्छु। अनि हामीले स्वर्णपदक नजितेसम्म म त्यसलाई निरन्तरता दिन्छु। हामीले अन्तिम क्षणमा हाऱ्यौँ त्यो दुर्भाग्य बन्यो“, उनले भने। “मैले (स्वर्ण जित्ने साइबेरियाली टोलीलाई) भनिसकेको छु हामीले उनीहरूलाई २०२८ मा फिर्ता गर्ने गरी मात्रै उनीहरूलाई पदक दिएका हौँ।”उनको ओलिम्पिक्स पृष्ठमा भनिएको छ “खल्तीमा हात राखेर सफलता हात पर्दैन।।”तर रोचक के छ भने उनको पछिल्लो पदक एउटा हात खल्तीमा राखेरै जिते। तर त्यसपछाडि उनको वर्षौँको तालिम र कठिन मेहनत छ।

# सोमालियाको समुद्री तटमा अल–शबाबको आक्रमणमा परी ३२ जनाको मृत्यु

एएफपी

मोगादिशु । सोमालियाको राजधानी मोगादिशुको समुद्र तटमा अल-शबाबले गरेको आत्मघाती आक्रमणमा परी ३२ जनाको मृत्यु हुनुका साथै कयौँ घाइते भएको प्रहरीले शनिबार जनाएको छ ।

अल-कायदासँग सम्बन्धित जिहादीले १७ वर्षदेखि सरकार विरुद्ध विद्रोह गर्दै आएका छन् । आक्रमण पछि सार्वजनिक गरिएको भिडियोमा सडक तथा समुद्र तटमा रगतले लतपतिएका शवहरू देखाइएको थियो ।आक्रमणमा परी ३२ जनाभन्दा बढी सर्वसाधारणको मृत्यु हुनुका साथै ६३ जना घाइते भएको प्रहरी प्रवक्ता अब्दिफताह अदान हसनले पत्रकार सम्मेलनमा बताउनुभयो ।

आक्रमणकारीलेनागरिकलाई लक्षित गरी गरेको विस्फोटले आक्रमणकारीको निशानामा सरकारी केन्द्र, सैनिक र अधिकारी मात्र नभई नागरिक पनि परेका छन् भन्ने प्रष्ट भएको प्रहरी प्रवक्ता हसनले उल्लेख गर्नुभएको छ ।आक्रमणको जानकारी दिँदै प्रत्यक्षदर्शीले विस्फोट हुँदा घटनास्थलमा धेरै मानिसहरू रहेको बताएका छन् । अल-शबाबले मोगादिशुलगाथत देशको अन्य भागमा भएका बम विस्फोट र आक्रमणको जिम्मेवारी लिएको छ भने सरकारले इस्लामिक उग्रवादीहरू विरुद्ध आक्रमण गर्न दबाब दिइरहेको छ ।

# सार्वजनिक बसको प्रदूषण जाँच




कास्की । पोखरा महानगरपालिका भित्र सञ्चालित सार्वजनिक यातायातको प्रदूषण जाँच सुरुआत गरिएको छ । यातायात व्यवस्था कार्यालयले शनिबार पोखरा यातायात प्रालि अन्तर्गत सञ्चालित बसहरुको प्रदूषण परीक्षण गरेको हो ।

मापदण्ड भन्दा बाहिर रहेका सवारी साधन सञ्चालनमा रोक लगाउन सवारी साधनहरुको प्रदूषण जाँच सुरु गरिएको यातायात व्यवस्था कार्यालयका निमित्त प्रमुख अशोक गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार अन्य दिनमा प्रदूषण परीक्षका लागि भीडभाड हुने भएकाले सार्वजनिक बिदाका दिनमा समेत सेवा सञ्चालन गरिएको हो ।

पोखरा यातायात प्रालि अन्तर्गत सञ्चालनमा रहेका तीन सय ७८ बसको प्रदूषण परीक्षण गरिने कार्यालयले जनाएको छ । प्रदूषण परीक्षणमा अनुत्तीर्ण सवारीहरुलाई पुनः मर्मतका लागि पठाइने र उत्तीर्ण भएपछि मात्र सञ्चालन अनुमति प्रदान गरिने कार्यालय प्रमुख गौतमले बताउनुभयो ।

"पोखरा पर्यटकीय राजधानी समेत हो । यहाँ गाडीबाट निस्कने धुँवा बढी हुने गरेको स्थानीयवासीको गुनासो आएपछि कडाइका साथ जाँच गर्न लागेका हौँ । शनिबार पोखरा यातायात प्रालिका बसहरुको यान्त्रिक परीक्षण र प्रदूषण जाँचपासको काम गरेका छौँ । आगामी दिनमा निजी विद्यालयद्वारा सञ्चालित बसहरुको समेत परीक्षण गर्छौं ।" कार्यालय प्रमुख गौतमले भन्नुभयो । जाँचपास गर्दा बढी प्रदूषण देखाएका गाडीलाई तत्काल मर्मत र सर्भिसिङका लागि पठाउने गरिएको कार्यालयका मेकानिकल इन्जिनियर अब्दुल्ला हवारीले बताउनुभयो ।

बसहरुको सर्भिसिङपछि बसको अनुत्तीर्ण हुने दर कम भएको उहाँले बताउनुभयो । कार्यालयले प्रदूषण बढी भएका तथा जाँच अनुत्तीर्ण भएका गाडी सञ्चालनमा रोक लगाउने जनाएको छ ।इन्जिनियर हवारीका अनुसार परीक्षण मेसिनले गाडीको धुँवाको 'डेन्सिटी' हेर्ने र ३० प्रतिशत सम्म आउने उत्तीर्ण र त्यो भन्दा बढी आउने अनुत्तीर्ण हुने जानकारी दिनुभयो ।

"परीक्षणको नतिजा तत्कालै प्राप्त हुने गरेको छ । बढी प्रदूषण देखाएर फेल भएका गाडी सञ्चालन गरे यातायात व्यवस्था ऐन अनुसार दुई हजारदेखी १० हजारसम्म कारवाही हुन्छ ।" उहाँले भन्नुभयो । पोखरा यातायात प्रालिका अध्यक्ष देउप्रसाद गुरुङले बसहरुले बढी धुँवा फालेको गुनासो पछि व्यवसायीले रु दुई लाख ५० हजारसम्म खर्च गरेर इन्जिन लगायत सबै परीक्षण गराएको जानकारी दिनुभयो । गाडीको पार्टपुर्जा बाहेक गाडीमा प्रयोग गरिने इन्धनको कारणले समेत धुँवा बढी फालेको हुन सक्ने भएकाले त्यसको समेत जाँच गर्न उहाँले माग गर्नुभयो । अध्यक्ष गुरुङले भन्नुभयो, "गुनासो आएपछि व्यवसायीले गाडी मर्मत गरेको हो । मर्मत सम्भार गर्दा समेत धुँवा फालिरहेको छ । के कारणले धुँवा फालिरहेको हो भनेर हामीलाई इन्जिनियरले बताइदिनुपर्दछ ।"रासस

# दुई महिनामै एक करोड ८० लाखका सुपारीका बिरुवा बिक्री



झापा । जिल्लामा दुई महिनाको अवधिमा रु एक करोड ८० लाख मूल्य बराबरका सुपारीका बिरुवा बिक्री भएका छन् । सुपारीखेती विस्तार हुन थालेपछि बिरुवाको माग ह्वात्तै बढेको व्यवसायी बताउँछन् ।

सुपारी उत्पादक किसान सङ्घ नेपालका अध्यक्ष निलकण्ठ तिवारीले जेठ र असार महिनामा स्थानीय सुपारी नर्सरीबाट एक लाख ५० हजार बिरुवा बिक्री भएको बताउनुभयो । "अहिले बर्खाको समयमा किसानहरुले सुपारीका बिरुवा रोप्ने गरेका छन्", उहाँले भन्नुभयो, "अन्नबालीको तुलनामा बढी आम्दानी हुने भएकाले झापामा सुपारी खेतीको लहर चलेको छ ।"मेचीनगर-११ धाइजनमा निजी नर्सरी सञ्चालन गर्दै आउनुभएका नारायाण रिजालले यसपाली सुपारीका बिरुवाको माग धान्न हम्मे-हम्मे भइरहेको बताउनुभयो । जिल्लामा सुपारीखेतीका विस्तारसँगै बिरुवाको माग बढेको उहाँको ठम्याइ छ ।

उहाँले यसपालीको बर्खे अवधिका लागि भनेर १५ हजार बिरुवा हुर्काउनुभएको थियो । असारसम्ममा १० हजार बिरुवा बिक्री भइसकेको र अब पाँच हजार बिरुवा नर्सरीमा रहेको उहाँले जानकारी दिनुभयो । बिक्री भएका १० हजार बिरुवाबाट उहाँले रु १२ लाख आम्दानी गर्नुभएको छ ।किसानहरुले सुपारीका बिरुवा प्रतिगोटा रु एक सयदेखि रु एक सय २० सम्ममा किनेर लैजाने गरेका छन् । जिल्लाको मेचीनगर, बुद्धशान्ति, अर्जुनधारालगायतका क्षेत्रमा दर्जनौं अनुभवी किसान र सुपारी सहकारीले सुपारीका बिरुवा बिक्री गर्दै आएका छन् ।

"सहकारीले उत्पादन गरेका बिरुवासमेत खरिद गरेर किसानहरुलाई बेच्दै आएको छु", उहाँले भन्नुभयो, "मागअनुसारको बिरुवा उपलब्ध गराउन गाह्रो भइरहेको छ ।" भारतीय व्यापारीले टिस्यूकल्चर गरिएको, हाइब्रिड जातको र तीन वर्षमै फल्ने भनेर ग्रामीण क्षेत्रमा डुलाएर बिक्री गर्दै आएको सुपारीका बिरुवासँग भने किसानहरु होसियार हुनुपर्ने नर्सरी व्यवसायी रिजाल बताउनुहुन्छ । "सुपारीका बिरुवा रोपेको छ वर्षमा फल्ने हो, तीन वर्षमा होइन", उहाँले भन्नुभयो, "किसान साथीहरु होसियार हुनुहोस्, टिस्यूकल्चर गरेको सुपारीकै बिरुवा हुँदैन ।" सुपारीका बिरुवामा झापा आत्मनिर्भर रहेको हुँदा आयातित बिरुवा प्रयोग नगर्न उहाँले आग्रह गर्नुभयो ।

> खेती गर्न सजिलो, कम लगानी हुने र बढी आम्दानी दिने नगदे बाली भएकाले सुपारीखेतीतर्फ आकर्षित भएका किसानलाई सरकारले समेत प्रोत्साहित गर्दै आएको छ ।

सुपारी उत्पादक किसान सङ्घ नेपालका अध्यक्ष तिवारीले जिल्लामा तीन हजार छ सय ७५ हेक्टर जमिनमा सुपारीखेती रहेको बताउनुभयो । केही वर्षयता धान र चियाखेती मासेर किसानहरुले धमाधम सुपारीका बिरुवा रोप्न थालेका कारण सुपारीखेतीको क्षेत्रफल बढिरहेको उहाँको भनाइ छ ।झापा सुपारीखेतीका लागि उर्वर हावापानीयुक्त स्थान मानिएको छ । हात्ती लगायतका जङ्गली जनावरले अन्न र तरकारीबाली खाएर क्षति गरिदिने हुँदा किसान वैकल्पिक खेतीको रुपमा सुपारीतर्फ आकर्षित भएका हुन् ।

खेती गर्न सजिलो, कम लगानी हुने र बढी आम्दानी दिने नगदे बाली भएकाले सुपारीखेतीतर्फ आकर्षित भएका किसानलाई सरकारले समेत प्रोत्साहित गर्दै आएको छ । नेपाल सुपारीखेती जोन झापाका जिल्ला अध्यक्ष दीपक गौतमले जिल्लाको अर्जुनधारा, मेचीनगर, बुद्धशान्तिका वडालाई समेटर सुपारी जोन घोषणा गरिएको बताउनुभयो । उहाँले जोन अन्तर्गत सात सय ७८ हेक्टर क्षेत्रफलमा सुपारीको व्यावसायिक खेती भइरहेको बताउनुभयो । यहाँका नर्सरीहरुमा उत्पादित सुपारीका बिरुवा किन्न इलाम, मोरङ र सुनसरीदेखिका किसान आउने गरेका छन् । नागबेली सुपारी सहकारी संस्था र रमिते सुपारी सहकारी संस्थाले ठूलो संख्यामा सुपारीका बिरुवा उत्पादन गरेर बिक्री गरिरहेको जनाएका छन् ।रासस

# काभ्रेमा उत्पादित आलुको 'ब्राण्डिङ'



काभ्रेपलाञ्चोक । प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको सहयोगमा यहाँ आलुको 'ब्राण्डिङ' थालिएको छ । आलुको 'हब' मानिने यस जिल्लाको पनौती नगरपालिका-३ कुशादेवीमा आलु भण्डारणसहित 'प्याकेजिङ' थालिएको हो ।

'आलु सुपरजोन'का रुपमा जिल्लाको चिनारी बनाउन तथा यहाँको आलुको गुणस्तरीयतालाई प्रचारप्रसार गर्न स्थानीय उत्पादनलाई प्राथमिकतामा राखी ब्रान्डिङ गर्ने ध्येयले प्याकेजिङ सुरु गरिएको जनाइएको छ । प्रारम्भिक चरणमा हाल दुइ किलो, तीन किलो र पाँच किलो तौलमा आलुको प्याकेजिङ हुने गरी ब्राण्डिङ सुरु गरिएको खाद्यान्न तथा बीउ आलु, अलैँची, फलफुल नर्सरी उद्योगका सञ्चालक राजेन्द्र थापाले बताउनुभयो । उहाँका अनुसार स्थानीयस्तरमा उत्पादित आलुको ब्रान्डिङसहित बजारीकरण थालिएको हो ।

भण्डारणका लागि प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना (सुपरजोन)को आर्थिक सहयोगमा भन्डारण कक्ष निर्माणसहित प्याजिङ गरिएको आलु बजारीकरण सुरु गरिएको थापाले बताउनुभयो । "हाललाई एकतले भवनबाट भण्डारणसहित प्याकेजिङ थालेका छौँ, अब चालु आर्थिक बर्षमा भवनको निर्माण थप्दै प्याकेजिङको परिमाण बढाउनेछौँ", उहाँले भन्नुभयो । उद्योगलाई भन्डार कक्ष र प्याकेजिङ सुरुआतका लागि परियोजनाले गत आवमा पहिलो चरणमा रु १४ लाख सहयोगमा गरेको थियो ।

केही दिनअघि आलु प्याकेजिङलाई जिल्लास्थित बजार पठाइएकाले मागको अवस्थाबारे अनुगमनसमेत गर्न थालिएको उद्योगका अर्का सञ्चालक शशी अधिकारी बताउनुहुन्छ । उद्योगले 'काभ्रेको चिनारी : पोषिलो आलुको तरकारी'को नारासहित हाललाई प्रतिकेजि रु ८० का दरले प्याजिङ गरिएको आलु बजार पठाएको हो । "आलुको गुणस्तर कायमै राखी बजारको मागअनुसार फरकफरक तौलमा प्याकिङ गर्ने योजना बनाएका छौँ", अधिकारीले भन्नुभयो । उहाँ अनुसार उद्योगले फरकफरक जातको आलु 'ग्रेडिङ' गरी बजार पठाएको छ ।

उपभोक्ताले आफुलाई मन पर्ने जातको आलु किनेर लैजान सक्नेगरी प्याकेजिङ गरेको जनाइएको छ । सुपरजोन समन्वय समितीका प्रमुख सुमन नेपालले ठुक्क भएर काभ्रेपलाञ्चोकमा प्याकेजिङ गरिएको आलु खान आग्रह गर्नुभएको छ । उहाँले भन्नुभयो, "काभ्रेमा उत्पादित आलु गुणस्तरीय रहँदै आएको छ, उपभोक्ताले विना संकोच किनेर खान स्क्नुहुन्छ ।" उहाँका अनुसार यस आलु ब्राण्डिङ कार्यक्रमले अन्य ब्यवसायिक कृषकलाई उत्प्रेरण मिलेको पाइएको छ । आलु सुपरजोन कार्यलयले काभ्रेपलाञ्चोकमा आलुको उत्पादन तथा उत्पादनमा बृद्धि, मल्चिङ प्रविधिलगायतमा सहयोग आएको जनाएको छ आलुको बिउ र मल्चिङ तथा नस्ल सुधार लगाएतमा कार्यक्रम कार्यलयले सन्चालन गर्दै आईरहेको छ । कार्यालय प्रमुख जय महतोले आगामी दिनमा जिल्लाको अन्य क्षेत्रमा आलुको प्याकेन्जिङ र ब्राण्डिङ बिस्तार गर्न कार्यलयले सहजीकरण गर्ने बताउनुभयो ।

जिल्लाको पाँचखाल, मण्डनदेउपुर, पनौती, बनेपा तथा नाला आलु उत्पादन हुने प्रमुख क्षेत्र हुन् । आलुको पकेट क्षेत्र मानिएको काभ्रेको नौ हजार हेक्टर क्षेत्रफलमा बार्षिक करिब एक लाख ७५ हजार मेट्रिक टन आलु उत्पादन हुने गरेको छ ।रासस

# राहदानी बाकसमा थन्क्याएर तरकारीखेती



पर्वत । पछिल्ला समय केही भविष्य नदेखेरे दैनिक हजारौँको संख्यामा युवायुवती विदेशिन बाध्य भएका छन् । तर पर्वतको जलजला गाउँपालिका-७ धाइरिङ मिलनचोकका युवा दीपक शर्माले भने व्यावसायिक तरकारीखेतीबाट वार्षिक रु १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ । विदेश जानका लागि बनाएको राहदानी बाकसमा थन्क्याएर विगत २० वर्षदेखि व्यावसायिक रुपमा तरकारीखेतीमा लाग्नुभएका शर्माले गाउँमै बसेर मनग्य आम्दानी गर्न सफल हुनुभएको हो ।

उमेरले ३८ वर्ष पुग्नुभएका दीपक र उहाँकी श्रीमती सीता शर्माले मौसमी तथा बेमौसमी तरकारीखेती गरेर वार्षिक रु १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ । आफू जन्मिने बेलादेखि नै आफ्ना बुबाआमाले अँगालेको निर्वाहमुखी परम्परागत तरकारी उत्पादन पेसालाई व्यावसायिक बनाउँदै आफूले ठूलोमात्रामा तरकारीखेती थालेको उहाँले बताउनुभयो ।

कालीगण्डकी करिडोरअन्तर्गत मालढुङ्गा-बेनी सडक नजिकै पर्छ मिलचोक । यहाँ उत्पादित तरकारी सजिलै ढुवानी गरेर छिमेकी जिल्ला म्याग्दीको सदरमुकाम बेनीबजार, पर्वतको कुश्मा र बागलुङ बजारमा बिक्री हुने गरेको छ । बिहान ६ बजेदेखि बेलुका अबेरसम्म करेसाबारीमै व्यस्त हुने शर्मा दम्पतीले लामाबगरस्थित करिब सात रोपनी खेत वार्षिक रुपमा रु एक लाख २० हजार भाडामा तथा बाँकी आफ्नै खेतबारीमा तरकारी खेती गर्नुभएको छ । वर्षायाममा १० रोपनी र हिउँदयाममा १५ रोपनी क्षेत्रफलमा तरकारी लगाउने गरेको दीपकले बताउनुभयो ।


पाँच रोपनी क्षेत्रफलमा वर्षायाममा धान रोपाइँ गर्दै आउनुभएको छ । करेसाबारीमा काँक्रो, सिमी, बोडी, भ्यान्टा, लौका, करेला, घिरौँला र खुर्सानी, धनियाँलगायत मौसमी तथा बेमौसमी तरकारी फलाउँदै आउनुभएको छ । सिजनअनुसार आलुखेती गर्नुहुन्छ । उत्पादन भएको ताजा तरकारी लिन व्यवसायी घरमै आउने भएकाले बिक्रीको समस्या नरहेको उहाँले बताउनुभयो ।

करेसाबारीबाटै दैनिक रुपमा तरकारी बिक्री गर्ने शर्माले वार्षिक रुपमा रु १५ लाखसम्मको आम्दानी हुने गरेको बताउनुभयो । मेहनत गर्नसकेमा दुःखअनुसार कमाई पनि हुने भएकाले श्रीमान्लाई विदेश नपठाएको सीताले बताउनुभयो । "विदेश गए पनि दुःख नै गर्नुपर्छ, त्यहाँ गर्ने दुःख यहीँ गर्न सकेमा आम्दानी पनि हुन्छ, घरपरिवारसँग बस्दा सबैलाई आनन्द पनि हुन्छ", उहाँले भन्नुभयो । "मैले श्रीमान्लाई विदेश जान दिइन यही माटोमा सँगै परिश्रम गरौँ भनेँ", सीताले भन्नुभयो, "छरछिमेकका साथीहरु विदेश गएको देखेर राहदानी बनाएको भए पनि जान रोकेकी हुँ ।" दीपक दम्पतीले आफूले गर्न नसकेको काम दैनिक ज्यालादरी मजदुर राखेर गर्दै आएको बताउनुभयो ।

दीपककी आमा भद्रकली शर्माले आफूले पहिल्यैदेखि निर्वाहमुखी रुपमा गर्दै आएको पेसालाई छोराबुहारीले अगालेकामा दङ्ग हुनुहुन्छ । "अहिले उनीहरुले धेरै जग्गामा लगाएका छन्, कमाई राम्रो भएकामा हामी बूढाबूढी खुसी छौँ", उहाँले भन्नुभयो । तरकारीबाट भएको आम्दानीले छोरालाई निजी विद्यालयमा पढाएका छन् भने बाँकी रकम बैंकमा बचत गर्ने गरेको दीपकले बताउनुभयो । अहिले परिवारको आर्थिक अवस्था सुधार हुनुका साथै सबैभन्दा बढी आत्मसन्तुष्टि प्राप्त भएको दीपकको अनुभव छ । उहाँले सबैजसो खर्च कटाएर वार्षिक रु छदेखि सात लाख बचत हुने गरेको बताउनहुन्छ ।

विदेशमा गए पनि मरिमेटेरै दुःख गर्नुपर्ने भएकाले आफ्नै खेतबारीमा पसिना बगाउन उहाँले भविष्यको खोजीमा विदेशिन लागेका युवालाई सुझाव दिनुभएको छ । उहाँले व्यावसायिक रुपमा तरकारीखेतीमा लाग्न चाहने युवालाई आफूले ज्ञान, सीप र प्रविधिका साथै बजारीकरणमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।रासस

# दूध बेचेर मासिक लाख आम्दानी



घोराही । दाङको घोराही उपमहानगरपालिका-१३ का रवि घर्तीले व्यावसायिक रुपमा पशुपालन गर्दै आउनुभएको छ । उहाँले पशुपालन गर्न थालेको तीन वर्ष भयो । व्यावसायिकरुपमा लाग्नुभएका घर्तीले साथीहरुसँग मिलेर भैँसीपालन, बङ्गुरपालन र हाँसपालन गर्दै आउनुभएको छ ।

मेहनत गर्नसके पशुपालनबाट मनग्य आम्दानी लिन सकिने 'गोरखा बायो फार्म'का अध्यक्ष रहनुभएका घर्तीले भन्नुभयो, "भैँसी र बङ्गुरपालन गरेर राम्रै आम्दानी भइरहेको छ ।" घोराही उपमहानगरपालिका-७ घुम्नामा पाँच बिघा जग्गा किनेर व्यावसायिकरुपमा पशुपालन गर्दै आउनुभएका उहाँले दूध बिक्री गरेर मासिक रु एक लाखभन्दा बढी आम्दानी भइरहेको बताउनुभयो । उहाँको फार्ममा १८ भैँसी र २५ बङ्गुर रहेका छन् ।

उत्पादन गरेको दूध घरबाटै बिक्री हुने गरेको घर्तीले बताउनुभयो । "दूध बिक्री गर्न समस्या छैन । फार्मबाटै विद्यालय र डेरीमा जाने गरेको छ", उहाँले भन्नुभयो । दैनिक ४५ देखि ५० लिटरसम्म दूध बिक्री भइरहेको घर्तीले बताउनुभयो । फार्ममा कम्तीमा ४० भैँसी र जर्सी गाईसमेत थप गर्ने उहाँको योजना छ ।

बजारको मागसँगै प्रशस्तमात्रामा घाँससँगै पानीको व्यवस्था भएकाले दूध उत्पादनलाई प्राथमिकता दिएको घर्ती बताउनुहुन्छ । दूध प्रतिलिटर रु ७० मा बिक्री हुने गर्दछ । भैँसीपालनसँगै मासुका लागि बाख्रा, बङ्गुर, हाँस र व्यावसायिक तरकारी खेतीलाई पनि अघि बढाउने तयारी रहेको अर्का सञ्चालक खुसीराम चौधरी बताउनुहुन्छ । त्यसका लागि उहाँ थप संरचना निर्माण गर्ने तयारीमा हुनुहुन्छ ।

व्यावसायिक रुपमा दूध र मासुसँगै तरकारी उत्पादन गर्ने उद्देश्यले फार्ममा अहिलेसम्म करिब रु एक करोड ५० लाखसम्म लगानी भइसकेको चौधरीले बताउनुभयो । फार्ममा तीन जनाले रोजगारी पाएका छन् । पशुपालनका लागि सुपर नेपियर, किमु, इपिल, सुडान, मकैचरी, मकैलगायतका घाँसखेती समेत गरिएको छ । रासस

मधेश प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

## जनकपुरधाम, धनुषा

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।२०**

यस मन्त्रालयको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धि विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# अदालतको अवहेलना गर्दै सार्वजनिक बाटो मिचेर घर निर्माण

**धनुषाको मिथिला बिहारीस्थित अन्दुपट्टीमा सार्वजनिक बाटो नै अतिक्रमण गरेपछि स्थानीयवासीहरुले घर हटाई सार्वजनिक बाटो खिचोला चलन मुद्दामा यथास्थितिमा राख्न दिएको आदेशको बेवास्ता गर्दै रातारात पक्की घर निर्माण गरी अवेहलना गरेको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्ला अदालतको आदेशलाई बेवास्ता गर्दै रातारात पक्की घर निर्माण गरी अवहेलना गरेको छ।

धनुषाको मिथिला बिहारीस्थित अन्दुपट्टीमा सार्वजनिक बाटो नै अतिक्रमण गरेपछि स्थानीयवासीहरुले घर हटाई सार्वजनिक बाटो खिचोला चलन मुद्दामा यथास्थितिमा राख्न दिएको आदेशको बेवास्ता गर्दै रातारात पक्की घर निर्माण गरी अवेहलना गरेको छ।

धनुषा जिल्ला अदालतका न्यायाधीश चित्र बहादुर गुरुङले दिएको आदेश अवहेलना गर्दै राजकुमारी देवी यादवसमेतले रातारात पक्की घर निर्माण गरेको छ।

अन्तरकालिन रोक्का आदेश प्रयोजनको निमित्त रोक्का निवेदन अदालतमा परेपछि सो आदेश दिएको २०८१ असार २६ गते दिएको थियो।

तर सो आदेश जारी भएको एक दिन नवित्दै प्रतिवादी राजकुमारी देवी यादवले रातारात सार्वजनिक बाटो अतिक्रमण गरी पक्की घर नै निर्माण गरेको छ।

जिल्ला अदालतले जारी गरेको आदेशमा 'यसमा नापनक्शा भए पश्चात् निवेदन परेमा पुनरविचार हुने गरी वादी दाविको सार्वजनिक भनिएको जग्गामा कुनै भौतिक निर्माण नगर्नु नगराउनु र यथास्थितिमा राख्नु भनि प्रतिवादीको





नाममा मुलुकी देवानी संहिता, २०७४ को दफा १५६ बमोजिम आदेश गरि दिएको छ। प्रतिवादीलाई जानकारी दिनू।' भनिएको छ।

यस अघि उच्च अदालतमा समेत सार्वजनिक बाटो मिचेको भन्दै स्थानीयवासीहरुले मुद्दा दिएका थिए।

तत्कालीन अन्दुपट्टी गाविस वडा नम्बर १ र वडा नम्बर २ स्थित २०६९ सालतर्फ नै गाउँ परिषद्बाट सार्वजनिक बाटो निर्माण गरी दक्षिण तर्फवाट १३ फिट चौडाई ११८ फिट लम्बाई जग्गा चौबाटो रहेको सो बाटो अन्दुपट्टीदेखि बघचौडासम्म समेत जोड्ने देखिएकोले त्यतिबेला निर्माणका लागि गाविसले नै निर्णय गरी बाटो बनाएको स्थानीय इन्दल यादवले बताए।

तर स्थानीय राजकुमारी देवी यादव र उनका परिवारजनलगायतले जर्वजस्ती अदालतमा मुद्दा दिई गाउँलेलाई हैरानी गर्ने काम गरिरहेको उनको भनाइ छ।

कि.नं.१५४ र १४७ को जग्गा उल्लेख भएको र सो जग्गाको दक्षिण तर्फ न.नं.२१ र २४ मा विवादित बाटो रहे पनि धनुषा जिल्ला अदालत, सर्वोच्च अदालत र उच्च अदालतले समेत सार्वजनिक बाटो आवश्यकता अनुसार निर्माण भएको भन्दै बाटो कायम गरेको थियो।

उच्च अदालतले गरेको फैसलामा 'कित्ता नं.२१ र २४ को नक्सा कैफियत हेर्दा सो सडक कच्ची रहेको र अन्दुपट्टि कटरैत र कचरी डेरा लगायतका विभिन्न गाउँतर्फ जाने बाटो भन्ने उल्लेख भएको देखिन्छ। सो जग्गाको सर्भे नक्सा हेर्दा वादीको जग्गाको दक्षिण तर्फ बाटो रहेको देखिदैन। तर सर्भे नक्सामा बाटो नभएको ठाउँमा समयको अन्तराल र बढ्दो जनसंख्या तथा यातायातको कारणले नयाँ बाटो खुलेको व्यवहारमा देखिएको छ। सो बाटोको पश्चिम तर्फबाट पूर्वतर्फ गरेको र पूर्वतर्फको बाटोको सुरुवात बिन्दूमा रहेका जग्गाधनी राजकुमारी देवीले दायर गरेको यसै लगाको ०७३-डिपी-००६२ को जग्गा खिचोला मुद्दामा गा. वि. स. को कार्यालय अन्दुपट्टी कटरैत समेतलाई प्रतिवादी बनाएको देखिदाँ विवादित बाटो प्रतिवादीहरुले मात्र नभई गा.वि.स.समेतको संलग्नता र सहभागितामा निर्माण भएको भन्नु पर्ने स्थिति छ। वादीको खिचोला भयो भनिएको जग्गा प्रतिवादीले आफ्नो कुनै जग्गामा मिसाएको भन्ने दावी नभएको र विवादित बाटो सार्वजनिक रुपमा प्रयोग हुने प्रयोजनले निर्माण भएको र निर्माण कार्य सम्पन्न भई सकेको भन्ने कुरा लगाउको खिचोला मुद्दाकी वादी राजकुमारी देवीले यिनै प्रतिवादी उपर दायर गरेको अदालतको अपहेलना मुद्दामा सर्वोच्च अदालतबाट मिति २०७२।४।१८ मा भएको फैसलामा उल्लेख भएको देखिदा वादीको जग्गा खिचोला गरी प्रतिवादीले बनाएको भनिएको दावीको बाटोलाई प्रतिवादीले वादीको जग्गा खिचोला गरी बनाएको बाटो भन्न मिलेन।'

मिथिला बिहारी नगरपालिका वडा नम्बर ९ का वडाअध्यक्ष विन्देश्वर यादवले नै सार्वजनिक बाटो मिचेको आरोप स्थानीयवासीले लगाएको छ। राजकुमारी देवी यादव वडाध्यक्ष विन्देश्वर यादवका भाउजु हुन्।

# राजदूत नियुक्तिप्रति उपेन्द्र यादव असन्तुष्ट

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सरकारले गरेको राजदूत नियुक्तिप्रति असन्तुष्टि जनाएका छन्।

उनले सामाजिक सञ्जालमार्फत १८ जना राजदूत सिफारिस गर्दा मधेशी, दलित, थारु, मुस्लिम, सीमान्तकृत र पिछडिएको समुदायको प्रतिनिधित्व नभएको भन्दै असन्तुष्टि जनाएका छन्।

अध्यक्ष यादवले संविधानको धारा २८२ मा राजदूत नियुक्ति समावेशी सिद्धान्तको आधारमा गर्ने भनिएको समेत स्मरण गराए।

त्यस्तै अध्यक्ष यादवले सरकारले समावेशीता र संघीयतामाथि प्रहार गर्न लागेको आरोप लगाए।

अध्यक्ष यादवले वर्तमान सरकारले राजनीतिक स्थिरताको




नाममा समावेशीतालाई हटाउने, थ्रेसहोल्ड बढाउने र संघीयतालाई समाप्त खोजेको भन्दै सरकारको सो रबैयाप्रति आपत्ति जनाए। संघीय प्रणालीलाई अन्त्य गरी केन्द्रिकृत र नियन्त्रित एकात्मक शासन लाद्ने प्रयत्य हुन थालेको उनको दाबी छ।

उनले समावेशीता, स्वशासन, पहिचान र प्रतिनिधित्वको आधार नै संघीयता भएको भन्दै उनले ठूला दलका नेताहरुको अस्थिर मानसिकता, सबैथोक सरकार नै हो भन्ने सोच, सत्ताको लागि जे पनि कुकर्म गर्न तयार हुने व्यवहार, चरित्र र मानसिकता नै राजनीतिक अस्थिरताको मूल कारण भएको बताए।

समावेशीता, लोकतन्त्र र संघीयता हटाएर निरंकुशतामा राजनीतिक स्थिरता खोजेर नहुने उनको भनाइ छ।

# प्रदेशको औद्योगिक विकासमा सघाउने मुख्यमन्त्री तयार



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश प्रदेशमा रहेका उद्योग तथा वाणिज्य क्षेत्रको विकासमा प्रदेश सरकारले सकारात्मक सहयोग गर्ने बताएका छन्।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका प्रतिनिधिमण्डलसंग भएको भेटघटमा मुख्यमन्त्री सिंहले प्रदेशमा रहेका औद्योगिक, वाणिज्य क्षेत्रको विकास गर्दै व्यवसायीको मनोबल उच्च बनाउन प्रदेश सरकार सधैं सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले बारा-पर्सा औद्योगिक कोरिडोर घोषणा गर्न संघ सरकारसँग छलफल गरिने उल्लेख गरे। औद्योगिक कोरिडोर घोषणा गर्न प्रदेश सरकारले योजनावद्धरुपमा काम गरिरहेको बताउँदै मुख्यमन्त्री सिंहले आवश्यकताका आधारमा संघ सरकार समन्वय गर्ने बताए। मुख्यमन्त्री सिंहले उद्योगको आवश्यकता र अपेक्षा अनुसार दक्ष कामदार उत्पादन गर्न प्रदेश सरकारले सीपमूलक तालिम दिने योजना बनाइरहेको बताए। उनले उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ नियमित र सहजरुपमा आपूर्तिको व्यवस्था गर्ने विषयमा प्रदेश सरकार गम्भीर रहेको बताउनुभयो।

प्रदेशका सिमेन्ट उद्योगले प्रतिबोरा एक राजस्व तिर्नुपर्ने दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिँदै उनले मधेशका केही उद्योगले मात्र राजस्व बुझाएका बताए। प्रदेश सरकार इ-गभर्नेन्समा जान लागेको भन्दै उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमार्फत औद्योगिक क्षेत्रको प्रवर्द्धन गर्न प्रविधिसँग जोड्ने तयारी भइरहेको मुख्यमन्त्री सिंहले जानकारी दिनुभयो। बारा र पर्साका उद्योगी, व्यापारीको प्रतिनिधित्व रहेको महासंघको टोलीले प्रदेशको समृद्धिका लागि कृषि, पर्यटन, उद्योग क्षेत्रका चुनौती र सम्भावनाका बारेमा मुख्यमन्त्री सिंहलाई ध्यानाकर्षण गराएका थिए।

प्रतिनिधिमण्डलले जनकपुरधाम तथा मधेसको सर्वांगीण विकास, काठमाण्डुस्थित श्रम अदालतको अधिकार प्रदेशको उच्च अदालतमा प्रत्यायोजन र वातावरणीय अध्ययन प्रतिवेदनका काम प्रदेश उद्योग विभागका महानिर्देशकले गर्नेगरी कानुनी व्यवस्था गर्नुपर्ने आग्रह गरेको छ। कृषिक्षेत्र वर्गीकरण गर्नुपर्ने, केन्द्र सरकारको क्षेत्राधिकारमा रहेका खाद, बीउलगायत कृषिजन्य वस्तु प्रदेश सरकारमार्फत वितरण हुनुपर्ने, व्यावसायिक खेती र मूल्यमा आधारित कृषि वस्तुको अनुसन्धान गर्न राज्यले उत्प्रेरित गर्नुपर्ने, जडीबुटीलगायत अन्य वनजन्य उत्पादनको अनुमति प्रदेश सरकारबाट लिइनुपर्ने व्यवस्था, प्रदेशस्तरमा व्यापार तथा निर्यात केन्द्र सञ्चालन गरिनुपर्नेलगायत माग प्रतिनिधिमण्डलको छ।

उद्योग, वाणिज्य महासंघ जनकपुरधामले धनुषाधामस्थित वन तथा मन्दिरको सौन्दर्यकरण गरिनेपर्ने, जनकपुरधामको १५ दिने परिक्रमाका हजारौं तीर्थयात्रीको रात्रिवासको व्यवस्था, धार्मिक तथा पर्यटकीय स्थलको योजनाबद्ध विकास, जनकपुरधाम-जयनगर रेल्वेमा मालवाहक गाडीको व्यवस्था, जनकपुरधामका पोखरी, मन्दिर, धार्मिक तथा पर्यटकीय स्थलको योजनाबद्ध विकास, किसानलाई प्राविधिक ज्ञानलगायत विषयमा मुख्यमन्त्री सिंहको ध्यानाकर्षण गराएको थियो।

# गण्डक सम्झौता विपरीत पानी दिएन

**रञ्जन यादब**

बारा । नेपाल-भारत सरकारबीच भएको 'गण्डक सम्झौता' विपरीत भारतले नेपाललाई पानी दिएको छैन।



८५० क्युसेक पानी दिनुपर्ने भए पनि यस वर्ष भारतीय पक्षले नेपाललाई ६५० क्युसेकमात्र दिएको छ।

समयमै पर्याप्त वर्षा भएको र असार १३ गतेदेखि नै भारतीय पक्षले नहरमा पानी छोड्दा यस वर्ष साउन दोस्रो साता नलाग्दै बारा, पर्सा र रौतहटका अधिकांश किसानले धान रोपाइँ सम्पन्न गरिसकेका छन्। गत वर्ष यही अवधिमा चर्को खडेरी र भारतीय पक्षले सम्झौता अनुसार पानी नदिँदा ५० प्रतिशतमात्रै रोपाइँ भएको नारायणी सिँचाइ तथा व्यवस्थापन कार्यालयले जनाएको छ।

कृषि उत्पादन अभिवृद्धि गर्ने र स्थानीय कृषकहरूको जीवनस्तर उकास्ने उद्देश्यले नेपालको नारायणी र त्रिवेणी नदीको पानीलाई ब्यारेज निर्माण गरेर नहर प्रणालीमार्फत नेपाल र भारतबीच पानीको बाँडफाँट हुँदै आएको छ।

भारतले विहार राज्यको वाल्मिकीनगरमा २ हजार ५ सय क्युसेक क्षमताको ब्यारेज निर्माण गरेको छ । जसबाट नेपाललाई ८५० क्युसेक पानी दिनुपर्ने सम्झौतामा उल्लेख छ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका इन्जिनियर सुरेश प्रसाद साहले यस वर्ष समयमै वर्षा भएकाले भारतीय पक्षले सम्झौता अनुसार पानी नदिए पनि किसानहरूलाई रोपाइँमा कुनै समस्या नभएको बताए।

# जनकपुरधाम-जयनगर- भंगहा रेल्वे लिक मरम्मत हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपरधाम- जयनगर- भंगहा रेल्वेको ट्र्याक तथा लिकको मरम्मत सम्भारका लागि भारत सरकारले गर्ने भएको छ।

जयनगरबाट जनकपुरधाम हुँदै महोत्तरीको भंगहासम्म ५२ किलोमिटरमा ब्रोडगेज रेल्वे सेवा सञ्चालनमा रहेको छ। सञ्चालनमा आएको करिब तीन वर्षसम्ममा मरम्मत तथा सम्भार गर्नुपर्ने भएकाले नेपाल रेल्वे कम्पनीले नेपाल सरकार मार्फत भारत सरकारलाई आग्रह गरेपछि भारत मरम्मत सम्भार गर्ने भएको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जानकारी दिए।

रेल्वे ट्र्याक, स्लीपर, लीक तथा अन्य प्रकारको उपकरणहरुको मरम्मतमा करिब १७ करोड रुपैयाँ खर्च हुने र नेपालसंग प्राविधिक पनि नभएकाले भारत सरकारलाई नै प्राविधिक सहितको सहयोगका लागि आग्रह गरेपछि भारत सरकार मरम्मत सम्भारका लागि सहमत भएको नेपाल रेल्वे कम्पनीले जनाएको छ।

रेल्वेको मरम्मत सम्भारका लागि चाँडै प्राविधिकसहितको आवश्यक सामग्रीहरु भारतबाट आउने भएको छ। विसं. २०७८ सालदेखि जनकपुरधाम-जयनगर ब्रोडगेज रेल्वे सेवा सञ्चालनमा रहेको छ। पछिल्लो चरणमा महोत्तरीका भंगहासम्म रेल सेवा विस्तार भएपछि नियमित रुपमा सेवा सञ्चालनमा रहेको छ।

रेल्वे सेवा सञ्चालनमा आएपछि धनुषा, महोत्तरी, सिरहा जिल्लाका जनता प्रत्यक्षरुपमा लाभ लिइ रहेका छन्।

# बेपत्ता पुरुष मृत फेला

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको लालबन्दी नगरपालिकामा बेपत्ता भएका एक पुरुष मृत फेला परेका छन्। शनिबार लालबन्दी नगरपालिका-७ स्थित घिसिङ टोलका ६१ वर्षीय खिलराज खड्का साझेदारी वन क्षेत्रमामा मृत फेला परेका छन्।

शुक्रबार घाँस लिन भनेर साइकल लिएर हिँडेका उनी अबेरसम्म पनि घर नफर्किएपछि परिवारले प्रहरीलाई खोजतलासका लागि राति अबेर खबर गरेका थिए। खोजतलासकै क्रममा लालबन्दी नगरपालिका-८ स्थित साझेदारी वनमा खड्कालाई मृत फेला पारिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए।

सर्लाही प्रहरीले शव नजिकै घाँस बाँधेको साइकल, झोलामा पोको पारेको घाँस काट्ने कचिया, खुकुरी र पानी खाने बोतल फेला पारेको छ। खबर पाए लगत्तै जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंह नेतृत्वको टोली घटनास्थल पुगेको थियो।

शव शवपरीक्षणपछि आफन्तको जिम्मा लगाइएको र घटनाको सूक्ष्म अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाएको छ।

# पीडितलाई आर्थिक सहयोग



**टुडे समाचारदाता**

राजविराज । आगलागीबाट पीडित बनेका एक व्यवसायीलाई सप्तरी उद्योग वाणिज्य संघले आर्थिक सहयोग गरेको छ।

पीडित व्यवसायीको घर र पसल रहेको सप्तरीको बोदेवर्साइन नगरपालिकामै पुगेर संघको टोली पुगेर १ लाख १ हजार रुपैयाँ सहयोग प्रदान गरेको छ।

संघका अध्यक्ष लालु प्रसाद अग्रवालले आगलागी पिडित बोदेवर्साइन नगरपालिका- ५ स्थित जेबी एम मोवाइल एण्ड इलेक्ट्रीक सेन्टरका संचालक राजकुमार साहलाई सहयोग स्वरुप संघको तर्फबाट १ लाख १ हजार रुपैयाँको चेक हस्तान्तरण गरेका थिए।

जिल्लामा आगलागीबाट पीडित व्यवसायीलाई संघले आर्थिक सहयोग उपलब्धे पहिलो पटक गरेको छ।

गत असार ३१ गते मध्यराति विद्युत सर्ट भई भएको आगलागीमा सो पसलका सम्पूर्ण सामग्रीहरु जलेर नष्ट भएको थियो। आगलागीबाट करीब ७ लाख रुपैयाँ बराबरको क्षति भएको थियो। आगलागीले पसल खरानी भएपछि समस्यामा परेका पसले साहलाई पुनः व्यवसाय संचालन गर्न मद्दत पुगोस् भनेर संघको तर्फबाट सहयोग गरिएको अध्यक्ष अग्रवालले बताए।

संघले गरेको सहयोगले आगलागीपछि बन्द भएको पसल खोल्न बाटो खुलेको अग्निपिडित व्यवसायी साहले बताए। आर्थिक सहयोग गर्ने क्रममा संघका सल्लाहकार बैजु जोशी, महासचिव अमृत सन्चेती, वडा अध्यक्ष राजकुमार यादव, विरेन्द्र यादव, पत्रकार महासंघका केन्द्रीय परिषद सदस्य मनोज माझी, बोदेवर्साइन नगरपालिका व्यपार संघका अध्यक्ष देवनारायण साहका लगायतले उद्योगी व्यवसायीले भोगी रहनु परिरहेको समस्या र यसको समाधान बारे गम्भीर देखिन्थे।

# आत्मनिर्भर बन्दै महिला

**मनोज माझी**

राजविराज । गाउँघरमा घरकै कामकाजमा व्यस्त रहने गरेकी महिला अचेल व्यवसायिक काम गर्दै आत्मनिर्भर बनिरहेकी छन्।

विभिन्न किसिमका सीपमूलक तालिम पाएपछि बेरोजगार रहेका महिलाहरु आत्मनिर्भर बन्ने विश्वास शनिबार आयोजित एक कार्यक्रममा सहभागी वक्ताहरुले बताउन थालेका छन्।

बीपी विचार समाज राजविराजद्वारा सप्तरी र सिराहाका महिलाहरुलाई सहभागी गराई तीन महिना अघि थालिएको खेलौना बनाउने, ब्यूटी पार्लर तथा सिलाई कटाई सम्बन्धि तालिमको अन्तिम दिन शनिबार आयोजित प्रमाणपत्र वितरण कार्यक्रममा सहभागी वक्ताहरुले यस्तो विश्वास व्यक्त गरेका छन्। सो कार्यक्रममा प्रदेश



सांसद निलम रजकले दक्ष प्रशिक्षकद्वारा चलाइएको तीन महिने लामो सिपमूलक तालिम लिएकाहरु रोजगार तथा स्वरोजगार भई आत्मनिर्भर बन्ने विश्वास व्यक्त गरिन्।

सीपमूलक तालिमले बेरोजगार महिलालाई आफ्नै खुट्टामा उभिन तथा सहज जीवनयापनमा सहयोग पुग्ने अनुसन्धान उपनिर्देशक सुरेन्द्र कोइरालाले बताए।

संस्थाका सचिव मोहम्मद सविर आजमद्वारा उदघोषित एवम् अध्यक्ष रामकुमार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यक्रम संयोजक सुलोचना देव (ममता), प्रशिक्षक सरस्वती मण्डल, रुवी विश्वकर्मा, खुश्वु कर्ण, सहनाज खातुनले आ आफनो अनुभव प्रस्तुत गरेकी थिइन् । तीन महिनासम्म चलेको सिपमूलक तालिममा सिराहा र सप्तरीका १ सय ५० जना महिलाको सहभागिता रहेको आयोजक विपी विचार समाजले जनाएको छ।

२०६८ साल चैत्र ७ गते स्थापना भएको सो संस्था विशेष गरी जनसहभागितामा आधारित सीपमूलक तालिमहरुलाई प्राथमिकता राखी आफ्नो गतिविधि संचालन गर्दै आएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८